साकेला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ
१ प्रदेश, नेपाल

# साकेला गाउँपालिकाको शिक्षा ऐन-२०७७

साकेला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ्ग, खोटाङ्ग

दशौं गाउँ सभाबाट स्वीकृत मितिः २०७७/०९/२८

साकेला गाउँपालिकाको मिति २०७७/०९/२८ गतेको दशौं गाउँ सभाबाट स्वीकृत
साकेला गाउँपालिको शिक्षा ऐन-२०७७

प्रमाणीकरण मिति : २०७७/१०/०५

अर्जुन कुमार खड्का
अध्यक्ष

अर्जुन कुमार खड्का
गाउँपालिका अध्यक्ष

# साकेला गाउँपालिकाको शिक्षा ऐन-२०७७

**प्रस्तावना** : नेपालको संविधान बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न यस साकेला गाउँपालिकाले देशको विकासको लागि सबै बालबालिका र यूवाहरुका लागि उच्च गुणस्तरीय र जीवन उपयोगी सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधरण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल आमजनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भै रहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधानको धारा २२१, अनुसूची ८ मा भएका स्थानीय तहको अधिकारको सूची नं. ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ज) तथा दफा १०२" बमोजिम साकेला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

**(१) संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :**

१. यस ऐनको नाम "**साकेला गाउँपालिकाको शिक्षा ऐन-२०७७**" रहेको छ ।

२. यो ऐन साकेला गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि सो क्षेत्र भर लागु हुने छ ।

(२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले साकेला गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"गाउँ सभा"** भन्नाले साकेला गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ङ) **"बिद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ ।

(च) **"बिशेष शिक्षा"** भन्नाले दृष्टिबिहिन, बहिरा, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान र सीप भएको विषयबस्तुको सिकाइगरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ । साथै CTEVTबाट मान्यता पाई संचालित ३ वर्षे कोर्षलाई समेत जनाउने छ ।

(ज) **"सामुदायिक बिद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ ।

(झ) **"संस्थागत बिद्यालय"** भन्नाले निजी तवरबाट स्थापना भई नेपाल सरकारबाट अनुदानन पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) **"बिद्यालय कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ ।

(ट) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई संझनु पर्छ ।

(ठ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको व्यहोरा सम्झनु पर्छ ।

(ड) **"अनुमति"** भन्नाले नेपाल सरकार वा यस गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ढ) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ण) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(त) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा रहित उद्देश्यले स्थापना गरेको सार्बजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले चार बर्ष मुनिका बालबालिकाहरुलाई दिईने एक बर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(द) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्टभिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी. आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ध) **"गाउँ शिक्षा समिति"** भन्नाले दफा १८ अनुसारको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(न) **"वडा शिक्षा समिति"** भन्नाले दफा २७ अनुसारको वडा शिक्षा समितिलाई सम्झनु पर्छ ।

(प) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले दफा २३ अनुसारको समितिलाई सम्झनु पर्छ ।

(फ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ सो शब्दले दफा २३ को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे, बजै, दाजु, दिदी र त्यस्ता अभिभावक नभएको विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउछ ।

(ब) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकिय अधिकृत वा सो कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी सम्झनुपर्छ ।

भ) **"गाउँ शिक्षा अधिकारी"** भन्नाले गाउँपालिका भित्रको शिक्षा सञ्चालन, व्यवस्थापन नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा अधिकृत वा सो काम गर्ने कर्मचारी सम्झनुपर्छ ।

म) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिका भित्रको शिक्षा हेर्ने शाखा सम्झनु पर्छ ।

य) **"प्रमुख/अध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

र) **"उप-प्रमुख/उपाध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ल) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गतका शिक्षासम्बन्धी कार्य गर्ने मन्त्रालय सम्झनु पर्छ ।

व) **"आयोग"** भन्नाले संघीय शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ ।

श) **"इकाई"** भन्नाले संघीय सरकार अन्तर्गतको जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाईलाई सम्झनु पर्छ ।

ष) **"निरिक्षक"** भन्नाले गाउँपलिकाले शिक्षा शाखाको आवश्यक काम कारवाही सञ्चालन गर्नको लागि गाउँपालिकाले आफैले श्रोत व्यहोर्ने गरी काजमा राखेको स्रोत शिक्षक वा निरिक्षक सम्झनु पर्छ ।

स) **"तोकिएको अधिकारी"** भन्नाले गाउँ शिक्षा अधिकारी वा निजले सो कार्य गर्न तोकिएको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद - दुई
## अनुमति लिनु पर्ने

३. **विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :**

१. कसैले विद्यालय खोल्न चाहेमा सम्वन्धित वडा समितिको सिफारिस लिई शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै अनुसूची-१ बमोजिमको ढाँचामा तोकिएको दस्तुर बुझाई गाउँ शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

२. विद्यालय खोल्नका लागि पूरा गर्नु पर्ने पूर्वाधार : विद्यालय खोल्नका लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

३. उपदफा १ बमोजिम विद्यालय खोल्ने अनुमतिका लागि निवेदन परेमा शिक्षा शाखाले निवेदनसाथ प्राप्त कागजातहरू र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि अनुसूची-२ बमोजिमको पूर्वाधार पूरा भएको देखिएका विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा ३० दिन अगावै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले गाउँ शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरूपमा सञ्चालन गर्ने अनुमति माग गरिएको हो सो को सम्बन्धमा यकिन गरी उल्लेख गर्नुपर्नेछ ।

४. उपदफा (३) बमोजिम गाउँ शिक्षा समितिको वैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा गाउँ कार्यपालिका समक्ष अनुमोदनका लागि सिफारिस गरी पठाउनु पर्नेछ । यसरी प्राप्त सिफारिसको आधारमा अनुमोदन भएका विद्यालयहरूको सूचीका विद्यालयहरूलाई शिक्षा शाखा प्रमुखले अनुसुचि-३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

४. **विद्यालय स्वीकृति प्रदान गर्ने :**

१. ऐनको दफा ३ को उपदफा (४) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित शिक्षा शाखा मार्फत गाउँ शिक्षा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँ शिक्षा समितिले शिक्षा शाखा मार्फत् त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज पूरा गरेको देखिएमा गाउँ शिक्षा समितिले आफ्नो राय सहितको सिफारिस कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त सिफारिस स्वीकृत भएमा शिक्षा शाखाले दफा ३ बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही विद्यालय सञ्चालन गर्न त्यस्तो विद्यालयलाई अनुसूची-५ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ । र त्यसरी स्वीकृत प्रदान गर्दा प्रत्येक बर्ष एउटा कक्षाको लागि मात्र स्वीकृति प्रदान गरिनेछ ।

४. दफा ३ को उपदफा (४) र दफा ४ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाउने छैन ।

(क) सरकारी वा सार्बजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्बजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै ब्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

५. यस ऐन लागू हुनु पूर्व नै अनुमति प्राप्त विद्यालयको हकमा दफा ४ बमोजिमको प्रक्रिया अनुसार स्वीकृति प्रदान गर्न सकिनेछ ।

५. **मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था :**

१. सङ्घीय कानुनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था दफा ३ को उपदफा (४) र दफा ४ को उपदफा (३) मा र दफा १७ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्ने पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान, विद्यार्थी संख्या तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः**

(१) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि अनुसूची-७ बमोजिमको ढाँचामा शिक्षा शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँ शिक्षा समितिले निरीक्षकद्वारा त्यस्तो विद्यालयको जाँचबुझ गरी गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखेमा गाउँ शिक्षा समितिको सिफारिस साथ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूची (८) बमोजिमको ढाँचामा अनुमति दिन शिक्षा शाखामा लेखीपठाउनेछ । र त्यसरी अनुमति दिँदा प्रत्येक बर्ष एउटा कक्षा थप हुने गरी अनुमति दिइने छ ।

**७. विद्यालय र माध्यामिक शिक्षाको प्रकार : विद्यालय शिक्षा तीन प्रकारको हुनेछ ।**

(क) सामुदायिक विद्यालय

(ख) धार्मिक विद्यालय

ग) संस्थागत

तर माध्यमिक शिक्षा निम्न प्रकारको हुनेछ ।

(क) साधारण माध्यामिक शिक्षा

(ख) भाषागत माध्यामिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

८. **बिशेष शिक्षा, समावेशी शिक्षा, अनौंपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा, खुला तथा बैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : गाउँपालिकाले मन्त्रालयबाट भएको व्यवस्थासँग तादाम्यता कायम हुने गरी आवश्यक पूर्वाधारको व्यवस्था गरी बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**९. शिक्षाको माध्यम :**

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्गेजी भाषा वा दुवै हुने छ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अबस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्ने छ :-

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिने छ ।

(ख) गैर नेपाली नागरिकले साकेला गाउँपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिबार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ ।

(ग) भाषा विषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्ने छ ।

(घ) अनिबार्य अङ्गेजी विषय अध्ययन गराउँदा माध्यम अङ्गेजी भाषामा नै हुनु पर्ने छ ।

१०. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइको उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्ने छ । विद्यालयले तोकिएको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्ने छ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्ने छ ।

११. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालय (कक्षा ११–१२) का लागि चार लाख रूपैयाँ,

(ख) माध्यमिक विद्यालय (कक्षा ०–१०) का लागि तीन लाख रूपैयाँ,
(ग) आधारभूत विद्यालय (कक्षा ०–८) का लागि दुई लाख रूपैयाँ,
(घ) आधारभूत विद्यालय (कक्षा ०–५) का लागि एक लाख पचास हजार रूपैयाँ,
(ङ) प्रारम्भिक बाल शिक्षा केन्द्रका लागि पचास हजार रूपैयाँ तर,

(१) यो ऐनको दफा (५) बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिंदा धरौटी राख्नु पर्ने छैन ।

(२) विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा विद्यालय खोल्दा कार्यापालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ ।

(३) अन्यत्र जुनसकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालयको हकमा संघिय ऐन, नियमावलीले तोके बमोजिम हुनेछ ।

१२. **धरौटी रकम जम्मा गरिने :**

(१) विद्यालयले ऐन ११ बमोजिमको धरौटी बापतको रकम शिक्षा शाखाले तोकिदिएको बैंकमा विद्यालयको नाममा मुद्दति खातामा नियमानुसार जम्मा गर्नुपर्नेछ । र त्यस्तो धरौटी रकम कार्यपालिकाको अनुमति विना बैंकबाट झिक्न चलाउन पाइने छैन ।

१३. **विद्यालय गाभ्न सकिने :**

(१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(क) अनुसूची-२ बमोजिमको पूर्वाधार कायम नरहेको,
(ख) अधिकांश कक्षामा प्रति कक्षा तोकिएको सङ्ख्यामा चालिस प्रतिशत भन्दा कम विद्यार्थी सङ्ख्या भएको,
(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,
(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी तीस मिनेटभन्दा कम रहेको,
(ङ) दुई वा सोभन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरू गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीलाई अर्को विद्यालयमा दरबन्दी कायम गरी व्यवस्थापन गर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विद्यालय गाभ्ने सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधि बनाई लागु गर्न सक्नेछ र यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक केन्द्रजस्ता संस्था संचालन गर्न सकिनेछ ।

(४) गाउँ शिक्षा समितिले प्रत्येक बर्ष शैक्षिक सत्र शुरु हुनु ३ महिना पहिलादेखि नै विद्यालय गाभ्ने सम्बन्धमा अनुगमन गराई सो सम्बन्धमा आवश्यक निर्णय लिइनेछ ।

१४. **गाभिएका वा बन्द गरीएका विद्यालयको सम्पत्तिको व्यवस्थापनः**

(१) दफा (१३) बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

१५. **विद्यालयको तह वा कक्षा घटाउन सकिने :** कुनै विद्यालयको सम्बन्धमा दफा (१३) को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा शाखाको सिफारिसमा कार्यापालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

१६. **विद्यालयको कक्षा थप गर्न सकिने :**

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै शिक्षा शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त गाउँ शिक्षा समितिमा पेश गरी समितिको निर्णयअनुसार शिक्षा शाखाले शैक्षिकसत्र सुरु हुनु ३० दिन अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति सङ्घीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा गाउँ शिक्षा समितिबाट हुनेछ ।

**१७. शैक्षिक गुठी सम्बन्धी व्यवस्था :**

(१) शैक्षिक गुठीको रूपमा प्रारम्भिक बाल शिक्षा वा विद्यालय सञ्चालन गर्न चाहनेले सम्बन्धित शिक्षा शाखामा शैक्षिक गुठी दर्ता गर्न निवेदन दिनु पर्नेछ ।

(२) शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ तर निम्नानुसारका विद्यालयलाई निजी गुठीमा दर्ता गरी सञ्चालन अनुमति दिइने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय ,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएको भवन वा जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(३) शैक्षिक गुठी सम्बन्धी विधानमा देहायका कुराहरू खुलाएको हुनु पर्नेछ ।

क) विद्यालयको नाम र ठेगाना ,

ख) शैक्षिक गुठीका सस्थापकको नाम र ठेगाना,

ग) शैक्षिक गुठीका गुठियार तथा गुठियारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रक्रिया र कार्यकाल,

घ) गुठियारको काम कर्तव्य र अधिकार तथा निजहरूले पाउने सुविधा,

ङ) शैक्षिक गुठीमा रहेको घर जग्गा , आम्दानी, ऋण तथा अन्य सम्पत्तिको विवरण,

च) आवश्यक अन्य कुराहरू ।

(४) सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका सस्थापक, प्रधानाध्यापक र प्रदेश मन्त्रालयले तोकेको व्यक्ति तथा निजी शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक वानिजले तोकेको व्यक्ति पदेन गुठियार हुनेछ ।

(५) सार्वजनिक शैक्षिक गुठीमा कम्तिमा ५ जना र निजी शैक्षिक गुठीमा संस्थापकले चाहे बमोजिमका व्यक्ति गुठियार हुनेछ ।

(६) सार्वजनिक शैक्षिक गुठीको गुठियारमा शिक्षा शाखाले तोकेको सरकारी प्रतिनिधि, स्थानीय निकायका प्रतिनिधि र अभिभावकहरू मध्येबाट कम्तिमा १/१ जना सदस्य राख्नु पर्नेछ ।

(७) यस नियम बमोजिम स्थापना गरिएको शैक्षिक गुठीले यस ऐन र अन्य प्रचलित कानुन बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

## परिच्छेद - तीन
## शिक्षा सम्वन्धी संरचनागत व्यवस्था

**१८. गाउँ शिक्षा समिति :**

१. गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहने छ :

क) गाउँपालिका प्रमुख वा निजले तोकेको सामाजिक विकास समितिको सदस्य -अध्यक्ष

ख) गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिका सदस्य मध्येबाट एकजना -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

घ) गाउँ कार्यपालिकाले तोकेको गाउँ सभाका महिला सदस्यहरु मध्येबाट एकजना -सदस्य

ङ) सम्वन्धित गाउँपालिका क्षेत्र भित्र रहेका आधारभूत तथा माध्यमिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एकजना महिला शिक्षक समेत गरी दुईजना -सदस्य

च) सम्वन्धित गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

छ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमी, दलित वा अल्पसंख्यकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिलासहित दुईजना -सदस्य

ज) सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

झ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत -सदस्य सचिव

समितिको सचिवालय गाउँपालिको शिक्षा शाखामा रहनेछ र सो शाखाले नै सचिवालयको कार्य गर्नेछ ।

२. गाउँ शिक्षा समितिका पदेन सदस्यहरु बाहेक मनोनित सदस्यहरुको कार्यकाल तीन बर्षको हुनेछ ।

३. उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिने छ तर त्यसरी हटाउँदा वाबर्खास्त गर्नु अगाडि मनासिव स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

४. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) आफ्नो गाउँ क्षेत्र भित्रको शिक्षा सम्बन्धी कार्ययोजना तयार गर्ने ।

(ख) आफ्नो कार्यक्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने र गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय सल्लाह प्रदान गर्ने ।

(ग) गाउँ क्षेत्रभित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक श्रोतको खोजी गर्ने ।

(घ) गाउँ क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो श्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्न सक्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिहरुलाई आवश्यक निर्देशन दिई जागरुक र सजग गराउने

(ज) विद्यालयको लागि आवश्यक साधनश्रोत जुटाउने र त्यसको परिचालन गर्ने गराउने ।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षक बीच कुनै बिबाद भएमा सोको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आवश्यक सूचक विकास गर्ने र प्रगति मूल्याङ्न गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गराउन दर्तावाला लेखा परिक्षकहरुको सूचि प्रकाशित गरी लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने ।

(ठ) सामुदायिक विद्यालयहरुका शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि नियुक्ति, सरुवा, पदस्थापन, काज र दरबन्दी मिलान गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक पुरस्कार, नसिहत दण्ड सजायको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने ।

(त) विषय विशेषज्ञहरुको छनौट गरेर सोको सूची प्रकाशन गर्ने ।

(थ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने ।

(द) यस ऐनमा उल्लेख भएको विद्यार्थी सङ्ख्याभन्दा कम विद्यार्थी भई विद्यालय बन्द गर्नु पर्ने आवश्यकता देखिएमा विद्यालय बन्द गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

(ध) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने ।

(न) पालिका स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

(प) आबधिक रुपमा शैक्षिक सत्र प्रारम्भ हुनु भन्दा एक महिना अघि अघिल्ला २ शैक्षिक सत्र को शिक्षक विद्यार्थी संख्याको आधारमा कक्षागत, तहगत तथा विषयगत रुपमा दरबन्दी मिलान गर्ने ।

(फ) अन्य तोकिए बमोजिमका आवश्यक कार्यहरु गर्ने ।

१९. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :** गाउँपालिकाको समुदायमा साक्षरता, सीप विकास निरन्तर सिकाइ समेतको काम गर्न देहाय बमोजिमको व्यवस्थापन समिति रहने छ :

(क) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको वडा अध्यक्षको रोहवरमा साधारण सभाबाट छानिएको व्यक्ति

-अध्यक्ष

(ख) सामुदायिक सिकाइ केन्द्र रहेको वडा समितिको सिफारिसमा महिला वा दलित वडा सदस्य मध्ये एकजना -सदस्य

(ग) सामुदायिक सिकाइ केन्द्र रहेको वडाका विद्यालयका शिक्षकहरु मध्ये गाउँ शिक्षा समितिले मनोनित एकजना -सदस्य

(घ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधीहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) सम्बन्धित वडा अन्तर्गतको शिक्षाप्रेमी, चन्दा दाता वा समाजसेवी मध्ये वडाको सिफरिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(च) गाउँ शिक्षा अधिकृत -सदस्य

(छ) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रका परिचालिका -सदस्य सचिव

**२०.स्थानीय अस्थायी अध्यापन अनुमति पत्र जारी गर्न सक्ने :**

१. यस गाउँपालिकाले पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त भएका अंग्रेजी, गणित, विज्ञान, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा बालीविज्ञान लगायतको प्राविधिक विषयको जनशक्ति परिपूर्ति गर्ने मनसायले स्थानीय अस्थायी अध्यापन अनुमति पत्र जारी गरी लागू गर्न सक्नेछ । सो स्थानिय अध्यापन अनुमति पत्रको अवधि जारी भएको मितिले ५ वर्षको हुनेछ ।

२. उपदफा १ अनुसार स्थानीय अध्यापन अनुमति पत्रको अवधि समाप्त हुनु अगावै शिक्षक सेवा आयोगद्धारा स्थायी अध्यापन अनुमति पत्रको लागि लिने विज्ञापनमा समावेश भई आयोगद्धारा जारी सम्बन्धित तह वा माथिल्लो तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरी विद्यालय वा शिक्षा शाखामा पेश गर्नु पर्नेछ । विद्यालय वा शिक्षा शाखाले सोको अभिलेख सम्बन्धित शिक्षक शिक्षिकाको व्यक्तिगत फाइलमा अद्यावधिक गर्नुपर्नेछ ।

३. त्यस्तो शिक्षकले स्थानीय अस्थायी अध्यापन अनुमति पत्रको अवधि भरीमा सो तहको लागि दश महिने तालिम वा शिक्षा शास्त्र संकायबाट न्यूनतम योग्यता पूरा गरी सक्नु पर्नेछ । सो बमोजिमको योग्यता नसके वा उपदफा २ बमोजिम आयोगले लिने स्थायी अध्यापन अनुमति पत्रको परीक्षामा सहभागी हुन नचाहे वा परीक्षामा सहभागी भई अनुत्तीर्ण भएमा स्थानीय अस्थायी अध्यापन अनुमति पत्रको अवधि तत्काल स्वतः खारेज हुनेछ ।

४. उपदफा ३ मा जुनसुकै कुरा लेखितामा पनि त्यस्तो शिक्षक स्थानीय अस्थायी अध्यापन अनुमति पत्रको अवधि समाप्त हुनु अगाडि आयोगको परीक्षामा सहभागी भएको तर नतिजा प्रकाशन हुँदाको बखतसम्म निजको स्थानीय अस्थायी अध्यापन अनुमति पत्रको अवधि समाप्त भएमा पनि नतिजा प्रकाशन नहुँदासम्म कार्यरत रहन सक्नेछ । तर सो अवधि बढीमा छ महिनाभन्दा बढी हुने छैन ।

५. उपदफा ४ बमोजिमको अवस्था सृजना भई स्थायी अध्यापन अनुमति पत्र पेश हुन नसकेमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले निजलाई सेवाबाट बर्खास्त गर्न सकिने छ र उक्त रिक्त पदमा पुनः विज्ञापनको लागि सिफारिस लिन सक्नेछ ।

६. हाल कार्यरत तर स्थायी अध्यापन अनुमति प्राप्त हुन नसकेका उपदफा १ अन्तर्गतका प्राविधिक विषयका शिक्षक शिक्षिकाको हकमा समेत सम्पूर्ण कुराहरु लागू हुनेछ । माथि उल्लेखित भन्दा बाहेक अन्य विषयको विज्ञापन तथा शिक्षकको हकमा भने कुनै पनि बुँदा आकर्षित हुनेछैन ।

७. माथि जुनसुकै कुरा लेखिए भएता पनि सो अवधि अगावै आयोग वा इकाईले उक्त दरबन्दीमा शिक्षक नियुक्ती गरी पठाएमा स्थानीय अध्यापन अनुमति पत्र स्वतः खारेज भई कार्यरत शिक्षक बर्खास्त हुनेछ ।

८. स्थानीय अध्यापन अनुमति पत्रको परीक्षा लगायत अन्य व्यवस्थापनको कार्य शिक्षा शाखाले गर्नेछ । त्यस्तो व्यवस्थाको लगि लिइने परीक्षा सम्बन्धी सम्पूर्ण कार्य तथा पाठ्यक्रम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. अनुदानको व्यवस्था :**

१. यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम

गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको नियमित बाहेकको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२. सामुदायिक विद्यालयहरुले सम्पादन गर्नुपर्ने काम तथा शैक्षिक गुणस्तरलाई मापन गर्न विद्यालय अनुदान व्यवस्थापन २०७४ ले तथा गाउँपालिकाले बनाएको कार्यविधिले तोके बमोजिम थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

२२. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

२३. **विद्यालय व्यवस्थापन समिति :**

१. सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) अभिभावकले आफूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षाविंद तथा विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधि -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

२. उपदफा १ खण्ड क, ख, ग अनुसार छानिएका वा मनोनयन भएका सदस्यहरु मध्येबाट वि.व्य.स.ले अध्यक्ष छान्न नसके वा विवाद सृजना भएमा गाउँ शिक्षा समितिले एक जना अध्यक्ष तोक्न सक्नेछ ।

३. प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उपदफा १ को अतिरिक्त गाउँ शिक्षा समितिले मनोनयन गरेका गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य संघका एकजना प्रतिनिधि सदस्य रहने छन ।

४. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

५. शिक्षा अधिकृत तथा शिक्षा सम्बन्धि कार्य गर्ने कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

६. विद्यालय व्यवस्थापन समितिको कार्य अवधि तीनवर्षको हुने छ तर यो ऐन प्रारम्भ हुँदाका वखत अवधि पूरा नभएका व्यवस्थापन समितिले पूरा अबधि काम गर्न बाधा पर्ने छैन ।

७. संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) विद्यालयको संस्थापक वा चन्दादाताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना शिक्षक प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट वडा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनयन गरेको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

८. मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुने छ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा गाउँ शिक्षा समितिले निजलाई जुन सुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अगाडि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

९. राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिको सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा गाउँ शिक्षा समितिले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको बैठकले स्वीकृत गर्नेछ ।

१०. अभिभावकको अभिलेख राख्ने :

(क) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको तथा एकाध परिवारका सदस्यको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ । यसप्रकार संरक्षकत्व प्रदान गरिएका विद्यार्थीका बाबु आमा बाजे बजै विद्यालय सेवा क्षेत्र भित्रै जिवितै रहेका अवस्थामा त्यस्ता संरक्षक वा परिवारका अन्य सदस्य (*बाबु आमा बाजे बजै बाहेक*) विव्यसका पदाधिकारीका रुपमा दफा (२३) को उपदफा (१) को खण्ड (क) अनुसार छनोट हुन पाउने छैनन् ।

११. व्यवस्थापन समितिको म्याद समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्ने छ । गठन हुन नसकेमा गाउँ शिक्षा समितिले अस्थायी समिति गठन गर्न वा तोक्न सक्ने छ ।

**२४. व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था :**

१. प्रधानाध्यापकले दफा २३ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको लिखित सूचना दिई अभिभावकको भेला बोलाउनुपर्नेछ । तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस ऐन बमोजिम सूचना दिई अभिभावकको भेला बोलाउनु पर्ने छ ।

२. उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि शिक्षा अधिकृत वा निज उपलब्ध नभएमा गाउँ शिक्षा अधिकारीले खटाएको कर्मचारीको संयोजकत्वमा प्रधानाध्यापक, गाउँ शिक्षा समितिका अध्यक्षले तोकेको गाउँ शिक्षा समितिको सदस्य र वडा समितिले सिफारिस गरेको वडाको निर्वाचित प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

३. दफा २३ उपदफा १ (क) बमोजिमका सदस्यहरुको चयन अभिभावकहरुको सर्वसम्मतवाट गरिनेछ । सर्वसम्मत हुन नसके निर्वाचन प्रक्रियावाट गरिने छ ।

४. दफा २३ उपदफा १ (क) बमोजिमको सदस्यमा छनौट भई अध्यक्ष हुनको लागि आधारभूत तह (१-५) को विद्यालय भए साधारण लेखपढ गर्न सक्ने, आधारभूत तह (१-८) को विद्यालय भए कक्षा ८ उतीर्ण, माध्यामिक तह (९-१०) को विद्यालय भए एस.एल.सी वा सो सरह उतीर्ण र माध्यामिक तह (९-१२) को विद्यालय भए कक्षा १२ वा सो सरह उतीर्ण भएको हुनु पर्नेछ ।

**२५. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

१. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने, विद्यालय सञ्चालनका लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अध्यावधिक गराई राख्ने ।

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिममा जानु पूर्व कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने ।

(ङ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई गराउने विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक, वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयको व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्ने गराउने ।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका, करारमा नियुक्ति भएका र सरुवा भएका शिक्षकहरुलाई हाजिरी गराउन तथा रमानाको व्यवस्था गर्ने ।

(ज) गाउँ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखा परीक्षकको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ट) तोकिए बमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीहरुले पदीय आचरण अनुसारको कार्यसम्पादन नगरेमा बिभागीय कारबाही गर्ने । त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।

(ठ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने ।

(ड) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने ।

(ढ) नेपाल सरकारबाट स्वीकृत दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा अस्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने ।

(ण) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,साथै लगातार १५ दिन सम्म विना जानकारी विद्यालयमा अनुपस्थित हुने शिक्षक तथा कर्मचारीलाई अबकाश सम्मको कारबाहीका लागि गाउँ शिक्षा समितिमा सिफरिस गर्ने ।

(त) प्रत्येक बर्षको जेठ २० गते भित्र विद्यालय सुधार योजना निर्माण अध्यावधिक गरी विव्यसबाट स्वीकृत गराई कार्यान्वियन गर्ने र शिक्षा शाखामा बुझाउने ।

(थ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने ।

(द) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न शिक्षा सम्बन्धी कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने ।

(ध) विद्यार्थी, शिक्षक तथा अभिभावकहरूले पालना गर्नु पर्ने आचार संहिता बनाइ लागु गर्ने ।

(न) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने तथा उत्कृष्ट शिक्षक एवं उत्कृष्ट कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने ।

(प) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम तोकिएको समयमानै प्रदान गर्ने ।

(फ) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई गाउँ शिक्षा समितिबाट स्वीकृत गराई लागु गर्ने ।

(ब) एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरणहरु तोकिएको समयमा अध्यावधिक गराई सम्प्रेषण गर्ने ।

(भ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सामाजिक परीक्षण गराउने ।

(म) विद्यालयको पढाइ व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने ।

(य) व्यवस्थापन समितिको सचिबालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने गराउने ।

(र) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासकाकार्यक्रमहरू सञ्चालन गर्ने ।

(ल) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने ।

(व) वार्षिक रूपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने ।

(श) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने ।

(ष) स्थानीय तह, स्थानीय गाउँ शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(स) विद्यालयको शैक्षिक उपलब्धि न्यून रहनुको कारण र विद्यार्थीले विद्यालय छाड्ने कारण र सोको समाधान गर्ने सम्बन्धमा विश्लेषण गरी सो अवस्था सुधारका लागि कार्ययोजना बनाई विद्यालय व्यवस्थापन समितिमा निर्णय गराई सोको जानकारी शिक्षा शाखामा पठाउने ।

(२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आबश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयमा नेपाल सरकारबाट तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिबार्य रुपमा लागु गर्ने ।

(ङ) प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिलाउन पहल गर्ने ।

(ज) पदीय आचरण अनुसार कार्य सम्पादन नगर्ने शिक्षक तथा कर्मचारी उपर कानुनी कारवाही गर्ने ।

(झ) प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरुको पालना गर्ने गराउने ।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

(ल) एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरणहरुतोकिएको समयमा अध्यावधिक गराई सम्प्रेषण गर्ने ।

४. विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

**२६. विद्यालय व्यवस्थापन समिति बिघठन गर्न सकिने :**

१. कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा गाउँ शिक्षा समितिले कारण खुलाई सिफारिस गरेमा गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई बिघठन गर्न सक्नेछ तर त्यसरी बिघठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई मनासिब माफिकको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति बिघठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न वा तोक्न सक्नेछ ।

३. यो ऐन तथा ऐन बमोजिमको नियमावली जारी भएपछि म्याद समाप्त भएका विद्यालयहरुले बढीमा एक महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्ने छ । उक्त व्यवस्थापन समिति गठनको निम्ति दफा २४ को उपदफा २ बमोजिमको "सदस्य छनौट सहयोग समिति" ले कार्य गर्नेछ ।

**२७. वडा शिक्षा समिति :**

१. गाउँपालिकाको वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुने छ :

(क) सम्बन्धित वडाको वडा समितिको अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्येबाट समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) वडा भित्रको अगुवा विद्यालयको प्रधानाध्यापक -सदस्य

(घ) गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ङ) वडाभित्रका शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एकजना महिला समेत दुईजना -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

आवश्यकता अनुसार वडा शिक्षा समितिको बैठकमा शिक्षा शाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

२. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

२८. **शिक्षक अभिभावक सङ्घ सम्बन्धी व्यवस्था :**

१ प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक सङ्घ रहनेछ ।

२ व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

३ स्रोत कक्षा सञ्चालित विद्यालयमा उपदफा (२) बमोजिम शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

४ उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

५ उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६ उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

घ) विद्यालयको आय तथा व्ययमा नियमित अनुगमन गर्ने ।

ङ) विद्यालयको सामाजिक तथा लेखा परिक्षणमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

७ उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

## परिच्छेद - चार

## पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी व्यवस्था

२९. **पाठ्यक्रम र पाठ्यसामग्री :**

१. स्थानीय तहका सामुदायिक विद्यालयमा पठन पाठन हुने पाठ्यक्रम र पाठ्य पुस्तक नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ ।

२. पाठय सामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न गाउँ शिक्षा समितिले आवश्यक कार्य योजना बनाई लागु गर्नेछ ।

३. नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम/पाठ्यपुस्तकका साथै स्थानीय पाठ्यक्रम लागु गर्नु पर्ने अवस्था भएमा गाउँ शिक्षा समितिले एक पाठ्यक्रम निर्माण कार्यदल निर्माण गरी स्थानीय परिवेश अनुसारको आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम बनाई लागु गर्न सक्नेछ ।

४. थप पाठ्य सामग्री वा पाठ्पुस्तक अध्यापन गर्न स्वीकृत लिनुपर्ने:

(क) कुनै विद्यालयले थप पाठ्य सामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृतका लागि शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

(ख) उपदफा ४ खण्ड (क) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा निवेदन दिने विद्यालयलाई थप पाठ्य सामग्री वा पाठ्यपुस्तक अध्यापन गर्न गराउन स्वीकृत दिन मनासिब देखिएमा त्यसरी माग गरीएका थप पाठ्य सामग्री वा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा पर्ने देखिएमा शिक्षा अधिकृतले त्यस्तो थप पाठ्य सामग्री वा पाठ्यपुस्तक प्रयोग गर्न स्वीकृत दिन सक्नेछ ।

(ग) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृत शिक्षा अधिकृतबाट लिनु पर्नेछ ।

५. निरीक्षण तथा अनुगमन गर्नेः

(क) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्क्रम वा पाठ्यपुस्तक तथा अन्य सहयोगी पाठ्य सामग्री लागु गरे वा नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने काम शिक्षा शाखाको हुनेछ ।

(ख) शिक्षा शाखाले स्वीकृत पाठ्कम तथा पाठ्यपुस्तक शैक्षिक सत्र प्रारम्भ हुनु एकमहिना अघि सम्बन्धित क्षेत्रमा उपलब्ध भए नभएको जाँचबुझ गरी वा गर्न लगाई त्यसको सूचना मन्त्रालय र सम्बन्धित निकायमा दिनुपर्नेछ । सम्बन्धित विद्यालयलाई त्यस्तो पाठ्यक्रम वा पाठ्यपुस्तक लागुगर्न आदेश दिनुपर्नेछ ।

६. स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु नगरेमा वा पाठ्यपुस्तक खरिद गर्न लगाएमा सजाय गर्न सकिनेः

(क) कुनै विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्य पुस्तक लागु नगरेमा गाउँ शिक्षा अधिकारीले त्यस्ता विद्यालयलाई स्वीकृत पाठ्यक्रम तथा पाठ्य पुस्तक लागु गर्न आदेश दिन सक्नेछ ।

(ख) कुनै पनि विद्यालयले विद्यालयबाट पाठ्यपुस्तक तथा पाठ्य सामग्री खरिद गर्न विद्यार्थीलाई बाध्य गर्नु हुँदैन ।

(ग) उपदफा ६ खण्ड (क) बमोजिम दिएको आदेश अनुसार विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक विद्यालयमा प्रयोग नगरेमा वा विद्यालयबाट पाठ्यपुस्तक वा पाठ्य सामग्री खरिद गर्न विद्यार्थीलाई बाध्य गराएमा गाउँ शिक्षा अधिकारीको सिफारिसमा शिक्षा समितिले त्यस्ता विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपललाई प्रचलित कानुन बमोजिम सजाय गर्नेछ ।

## परिच्छेद - पाँच
## परीक्षाको सञ्चालन तथा नियन्त्रण सम्बन्धी व्यवस्था

**३०. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा परिचालन समितिः**

१. गाउँपालिका अन्तर्गतका विद्यालयहरूका आधारभूत तहमा सञ्चालन हुने परीक्षाका लागि देहायको एक आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा परिचालन समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सामाजिक विकास समितिको सदस्य एक जना -अध्यक्ष

(ख) गाउँ शिक्षा समितिका अध्यक्षबाट मनोनित सो समितिका सदस्य १ (एक) जना -सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) शिक्षा अधिकृतले मनोनित गरेको आधारभूत तह (६-८) मा कार्यरत शिक्षकहरूको प्रतिनिधित्व हुने गरी कम्तीमा १ जना महिला सहित दुई (२) जना -सदस्य

(घ) शिक्षा अधिकृतको सिफारिसमा माध्यामिक तह (९-१२) मा कार्यरत प्रधानाध्यापकहरु मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेका एक (१) जना -सदस्य

(ङ) गाउँ शिक्षा अधिकृत वा शिक्षा शाखाको प्रमुख -सदस्य-सचिव

२. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा परिचालन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३. मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

**३१. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा परिचालन समितिको काम, कर्तव्य र अधिकार :**

१. परीक्षा सञ्चालन तथा परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) पाठ्यक्रम तथा विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र, उत्तरकुञ्जिका निर्माण गर्ने गराउने ।

(ग) प्रश्नपत्र निर्माणकर्ता, परीक्षक तथा प्रधान परीक्षक लगायत परीक्षा सम्बन्धी काम गर्न आवश्यक कर्मचारी नियुक्ति गर्ने ।

(घ) निष्पक्ष र नियमित तरिकाबाट परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका परीक्षण गराउनेर यसमा संलग्न व्यक्तिहरूलाई आवश्यक निर्देशन दिने ।

(ङ) परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धमा सङ्घ तथा प्रदेश मन्त्रालयले तोके बमोजिमका अन्यकार्य गर्ने ।

(च) परीक्षाको नतिज प्रकाशन पश्चात उतीर्ण परीक्षार्थीलाई तोकिएको मापदण्ड बमोजिम प्रमाण पत्र प्रदान गर्ने ।

(छ) स्थानीय तहको सिकाइ उपलब्धीको न्यूनतम शैक्षिक स्तर कायम गर्ने,

(ज) विद्यालयको समूह विभाजन गरी परीक्षा केन्द्र र केन्द्राध्यक्ष तोक्ने तथा केन्द्राध्यक्षको पारिश्रमिक निर्धारण गर्ने ।

(झ) परीक्षा शुल्क, परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(ञ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएको भनी परीक्षा अनुमगन समितिले गरेको सिफारिसको आधारमा त्यस्तो परीक्षा बदर गरी केन्द्राध्यक्षलाई कारवाही गरी पुनः परीक्षा गराउने व्यवस्था गर्ने,

(ट) परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने व्यवस्था गर्ने,

(ठ) परीक्षा सम्बन्धी नियम उल्लङ्घन गर्ने शिक्षक तथा कर्मचारीलाइ आवश्यक कार्यवाही गर्ने,

(ड) विपद वा अन्य कुनै कारणबाट तोकिएको समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्त आवश्यक निर्णय गर्ने,

(ढ) परीक्षाफल प्रकाशित भई पुनर्योगको समय सकिएको ६ महिना पछि नियमित प्रकृया अपनाई उत्तरपुस्तिका एवं अन्य परीक्षासँग सम्बन्धित कागजातहरू धुल्याउने,

(ण) सङ्घ तथा प्रदेश मन्त्रालयबाट अनुरोध भई आए बमोजिमका अन्य कार्य गर्ने ।

२. कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन गाउँ शिक्षा समितिबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ । साथै यसै समितिले अन्य कक्षा लगायत कक्षा ९ को समेत परीक्षा व्यवस्थापन गर्नेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए तापनि पालिकाले सो सम्बन्धी कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**३२. संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्ने :**

१. दफा ३० बमोजिम परीक्षा गर्दा आधारभूत शिक्षा परीक्षा उतीर्ण समितिले तोके बमोजिमको शुल्क सम्बन्धित संस्थागत विद्यालयले गाउँ शिक्षा कोषमा जम्मा गर्नु पर्नेछ ।

२. संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरूबाट लिएको शुल्क परीक्षा सञ्चालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेतदिनु पर्नेछ ।

## परिच्छेद - छ
## कोष तथा सम्पत्ति सम्बन्धी व्यवस्था

**३३. गाउँ शिक्षा विकास कोष :**

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा विकास कोष रहने छ ।

२. उपदफा (१) बमोजिमको कोषमा देहाय वमोजिमको रकम रहने छ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम ।

(घ) संस्थागत विद्यालयबाट प्राप्त शिक्षा सेवा शुल्क वापतको रकम ।

(ङ) चन्दा, दान वकस आदिवाट प्राप्त रकम ।

(च) शुल्क तथा अन्य श्रोतबाट प्राप्त रकम ।

**३४. कोषको सञ्चालक समिति :**

१. कोष सञ्चालक समिति गठन कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

२. उपदफा (१) बमोजिमको कोषको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

३५. **विद्यालय कोष :**

१. प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुने छ, जसमा देहाय बमोजिमको श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुने छ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त रकम ।

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त रकम ।

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम ।

(घ) चन्दा वा दानदातव्यबाट प्राप्त रकम ।

(ङ) अन्य कोषबाट प्राप्त रकम ।

२. उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुने छ ।

## परिच्छेद - सात
## निर्देशन, वर्गीकरण

३६. **निर्देशन दिन सक्ने :**

१. गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्ने छ ।

२. उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

३७. **विद्यालय सार्न, गाभ्न, नाम परिबर्तन गर्न वा बन्द गर्न सक्ने** : वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले हाल सञ्चालन भईरहेका ३० मिनेटको हिडाइ दूरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिबर्तन गर्न वा विद्यालय बन्द गर्न वातोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थपघट गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्ने छ ।

३८. **विद्यालयको सम्पत्ति :**

१. सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा विकास कोषमा जम्मा गर्नेछ ।

२. शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्बजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिबर्तन गर्न पाईने छैन ।

३. कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ ।

४. संस्थागत विद्यालयले कुनै वैदेशिक व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ ।

५. नेपाल सरकारको स्त्रीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको विना स्वीकृति बेचबिखन गर्न वा हस्तान्तरण गर्न पाईने छैन ।

३९. **विद्यालयलाई छुट र सुबिधा :**

१. प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२. उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्ने छ ।

३. सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट र सुविधा तोकिए बमोजिम हुने छ ।

४०. **अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :**
कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४१. **विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

१. विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्ने छ ।

२. उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुने छ ।

४२. **छात्रामैत्री वातावरण व्यवस्थापन/सञ्चालन :** गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा छात्रामैत्री वातावरण निर्माणका लागि देहाय बमोजिम गाउँपालिका स्तरीय छात्रामैत्री वातावरण संयोजन समिति रहने छ :

१. गाउँपालिकाको उपाध्यक्ष -संयोजक

२. सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनौट गरेकोलैङ्गिक सम्पर्क बिन्दु शिक्षकहरु मध्ये शिक्षा अधिकृतबाट मनोनित एकजना -सदस्य

३. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

४. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका आधारभूत तहका प्रधानाध्यापकहरु मध्येबाटगाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

५. गाउँपालिका स्थित महिला अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु मध्येबाटगाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

६. गाउँपालिका क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्यकर्मीहरु मध्येवाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

७. गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

९. सम्बन्धित वडा समितिले सिफारिस गरेका दलित वा महिला सदस्य मध्ये गाउँपालिकाले मनोनित गरेको एकजना एकजना -सदस्य

१०. गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा अधिकृत स्तरको कर्मचारी -सदस्य सचिब

४३. **विद्यालयको सामाजिक परीक्षण समिति :**

क) सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक बर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक सामाजिक लेखापरीक्षण समिति रहने छ :

१. शिक्षक अभिभावक संघको अध्यक्ष -संयोजक

२. अध्ययनरत बिद्यार्थीका अभिभावकहरु मध्येबाट एकजना महिला सहित शिक्षक अभिभावक संघले तोकेको दुईजना -सदस्य

३. सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासमितिको सदस्य एकजना -सदस्य

४. सम्बन्धित वडा समितिले तोकेको लेखा बिशेषज्ञ एकजना -सदस्य

५. उच्चतम तहको प्रथम छात्र वा छात्रा -सदस्य

६. प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक -सदस्य सचिव

ख) खण्ड क बमोजिम गठित सामाजिक परीक्षण समितिले हरेक वर्षको भाद्र मसान्तसम्ममा आफ्नो विद्यालयको सामाजिक परीक्षण तोकिएको ढाँचामा सम्पन्न गरी विद्यालयले एक प्रति शिक्षा शाखामा अनिवार्य बुझाउनु पर्नेछ ।

## परिच्छेद - आठ
## शुल्क सम्बन्धी व्यवस्था

४४. **शुल्क सम्बन्धी व्यवस्था :**

१. नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले बिद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

३. सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिबार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आबश्यक श्रोतको व्यवस्था गर्न सक्नेछ ।

४. उपदफा १ बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने बिद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

५. विद्यालयले बिद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयले अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन

६. विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

७ संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयबाट उपलब्ध गराएको सुबिधाको आधारमा दिने छ ।

८. कुनै विद्यालयले यस ऐन बिपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्ने छ ।

९. यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयासम्म जरिवाना गर्न सक्ने छ ।

१०. संस्थागत विद्यालयले शिक्षा सेवा शुल्क वापत देहाय वमोजिमको रकम वार्षिक रुपमा गाउँ शिक्षा विकास कोषमा वुझाउनु पर्ने छ ।

(क) कक्षा एकदेखि तीनसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया चारहजार ।

(ख) कक्षा एकदेखि पाँचसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया पाँचहजार ।

(ग) कक्षा एकदेखि आठसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया आठहजार ।

(घ) कक्षा एकदेखि दशसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया दशहजार ।

## परिच्छेद - नौ
## शिक्षक महासंघ र पदीय आचरण

४५. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

१. सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँ क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहने छ ।

२. देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्ने छ :

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा ,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) बारम्बार मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा वा खुलेआम कुनै राजनैतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा वकालत गरेको प्रमाणित भएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितको नाममा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिबिधिमा कार्यालयको समयमासंलग्न भएमा,

(ज) भ्रष्टाचारजन्य अपराध गरेको प्रमाणित भएमा,

३. उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्ने छ तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

***स्पष्टीकरण*** : यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

४६. **स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुने छ ।

## परिच्छेद - दश
## प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था

४७. **प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना:**

१. कुनै संस्था वा निजी गुठीले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न यस ऐनमा तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमतिका लागि सिफारिस दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी अनुसूची-१० बमोजिमको ढाँचामा सिफारिस दिन वडा सचिवले वडा समिति समक्ष पेश गर्नेछ ।

३. उपदफा (२) बमोजिम पेश हुन आएमा वडा समितिको निर्णय बमोजिम वडा सचिवले अनुमतिका लागि शिक्षा शाखामा सिफारिस दिनेछ ।

४. उपदफा (१) र (३) बमोजिमका कागजात सहित प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन अनुमतिका लागि अनुसूची १० (क) को ढाँचामा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

५. उपदफा (३) बमोजिम निवेदन पर्न आएमा गाउँ शिक्षा समितिले आवश्यक जाँचबुझ गर्न शिक्षा शाखालाई निर्देशन दिनेछ, जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनका लागि अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम नयाँ स्थापना हुने प्रारम्भिक बाल शिक्षा केन्द्र अनुमोदनका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

६. उपदफा (५) बमोजिम अनुमोदित प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुसूची-१० (ख) को ढाँचामा शिक्षा अधिकृतले अनुमति प्रदान गर्नेछ ।

७. कुनै संस्था वा निजी गुठीले उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा वडा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ ।

८. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार : प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ :

(क) फराकिलो, खुला र सुरक्षित भवन भएको,

(ख) गाँउपालिका वा गाउँपालिकाले तोकिदिएको मापदण्ड बमोजिम जग्गाको क्षेत्रफल र भवन भएको,

(ग) बाल उद्यानको व्यवस्था भएको,

(घ) सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,

(ङ) शौचालयको राम्रो व्यवस्था भएको,

(च) बाल बालिकाको हेरचाह गर्ने आयाको व्यवस्था भएको,

(छ) न्यूनतम १५ जना विद्यार्थी र एक जना बाल शिक्षकको व्यवस्था भएको ।

**४८. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्ने:**

१. प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

२. अनुदान दिने: नेपाल सरकारले सामुदायिक रूपमा स्थापित प्रारम्भिक बाल शिक्षा केन्द्रलाई सम्बन्धित गाउँ पालिकको सिफारिसका आधारमा अनुदान दिन सक्नेछ ।

## परिच्छेद - एघार

## प्रधानाध्यापक र सहायक प्रधानाध्यापकको व्यवस्था तथा काम, कर्तव्य र अधिकार

**४९. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

१. प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

२. आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए शिक्षाशास्त्र विषयमा कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तह (कक्षा १-८ सम्म) को विद्यालय भए शिक्षा विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षक भई शिक्षण अनुभव भएको, सङ्घीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियम बमोजिमको योग्यता पुगेका सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट प्रधानाध्यापक पदका लागि विद्यालय व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समिति नभएको अवस्थामा गाउँ शिक्षा समितिबाट गठित प्रधानाध्यापक छनौट समितिले दरखास्त आह्वान गर्नेछ । तर शिक्षा शास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उर्त्तीण गरी माध्यमिक तहमा १० बर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तह (कक्षा १० सम्म) को प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ ।

३. दफा ४९ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएपनि कक्षा १२ सम्म संचालित माध्यमिक विद्यालय र नमुना विद्यालयको प्रधानाध्यापक पदको उम्मेदवार हुन शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, माध्यमिक तहको पदमा विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षक भई शिक्षण अनुभव भएको हुनु पर्नेछ ।

४. उपदफा (२ तथा ३) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समिति वा प्रधानाध्यापक छनौट समितिले तोकेको म्याद भित्र अनुसूची-११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्तावसहितको दरखास्त व्यवस्थापन समिति समक्ष दिनु पर्नेछ ।

५. उपदफा (४) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समिति वा प्रधानाध्यापक छनौट समितिले शिक्षक छनोट समिति समक्ष पठाउनेछ ।

६. उपदफा (५) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि अनुसूची-१२ मा उल्लेखित आधारमा मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति वा गाउँ शिक्षा समिति समक्ष सिफारिस गर्नु पर्नेछ । तर ६० अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिका लागि सिफारिस गरिने छैन ।

७. उपदफा (६) बमोजिम सिफारिस प्राप्त भएमा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरू, समयवद्ध रूपमा पूरा गर्ने कार्य दक्षता करार गरी समुदायद्वारा सञ्चालित विद्यालय भए व्यवस्थापन समितिले त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकमा नियुक्ति गर्नेछ र अन्य सामुदायिक विद्यालय भए त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिका लागि आवश्यक कागजात सहित गाउँ शिक्षा समितिमा लेखी पठाउनु पर्नेछ ।

८. उपदफा (७) बमोजिम लेखी आएमा गाउँ शिक्षा समितिले निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरू समयबद्ध रूपमा पूरा गर्ने कार्य सम्पादन सम्झौता गराई १५ दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

९. उपदफा (८) बमोजिम नियुक्तिपत्र दिएपछि शिक्षा अधिकृतले त्यस्तो प्रधानाध्यापकलाई अनुसूची-१३ बमोजिमको ढाँचामा सपथ गराइ निजको फोटो र अन्य विवरण अध्यावधिक गर्नेछ ।

१०. उपदफा (८) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो आवश्यक शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र र अनुसूची-१४ बमोजिमको ढाँचामा निरोगिताको प्रमाण पत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

११. प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ र कार्य सम्पादन मूल्यांकन र कार्यकुशलतामा उत्कृष्ट ठहरिएमा निज पुन सो पदमा नियुक्त हुन सक्नेछ ।

१२. उपदफा (२ र ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई विद्यालय निरीक्षकको सिफारिस, विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा अधिकृतको राय लिई गाउँ शिक्षा समितिले जुनसुकै बखत हटाउन सक्नेछः–

(क) निजको आचरण खराब रहेमा,

(ख) यस ऐन वा अन्य प्रचलित ऐन विपरीतको कुनै काम गरेमा,

(ग) निजले गाउँपालिकासँग गरेको कार्यसम्पादन सम्झौता मूल्याङ्कन हुँदा निजको कार्य प्रगति ६० प्रतिशतभन्दा कम भई निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा,

१३. सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (१२) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाउँ शिक्षा समिति समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

१४. उपदफा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

१५. बहालवाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (१२) को खण्ड (क), (ख) वा (घ) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई प्रचलित ऐन बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

१६. सामुदायिक विद्यालयको प्रधानाध्यापक बिदा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर निजले निमित्त प्रधानाध्यापक हुन नचाहेमा वि.व्य.स.ले तोके बमोजिम हुने छ ।

शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ :

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा, तर खुला, कार्यक्षमता मूल्याकन, आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

१७. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐनबमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ-।

१८. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत सामुदायिक विद्यालयका प्रधानाध्यापक उपदफा (२ तथा ३) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म दफा ४९ को उपदफा (८) बमोजिमको कार्य सम्पादन सम्झौता गरी त्यस्तो पदमा कायमै रहन सक्नेछ । तर यो ऐन लागु भएको १ वर्ष भित्र ऐन नियममा व्यवस्था भए अनुसारको स्वीकृत दरबन्दी भएका विद्यालयहरुले यसकाकार्य प्रकृया अनुसार सबै विद्यालयमा प्रधानाध्यापकको नियुक्ति गरी सक्नु पर्नेछ ।

१९. सामुदायिक विद्यालयको प्रधानाध्यापकले देहाय बमोजिम मासिक भत्ता पाउनेछ ।

क. माध्यमिक विद्यालयको प्रधानाध्यापकले रु ५०० (पाँच सय)
ख. आधारभूत तह (०- ८) विद्यालयको प्रधानाध्यापकले रु ३०० (तीन सय )
ग. आधारभूत तह (०- ५) विद्यालयको प्रधानाध्यापकले रु २०० ( दुई सय )
सो मासिक भत्तामा साकेला गाउँपालिकाले मा.वि.को प्र.अ.लाई रु १०००।- (एक हजार), आ.वि.(०-८)को प्र.अ.लाई रु ८००।- (आठ सय) र आ.वि.(०-५)का प्र.अ.लाई रु.६००।- (छ सय) थपेर दिन सक्नेछ ।

२०. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापको नियुक्ति गर्दा छुट्टै प्रकृया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ तर जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम् शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्नेछ ।

५०. **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,
(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,
(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,
(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,
(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,
(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,
(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा तोकिए बमोजिमका परीक्षा सञ्चालन गराउने,
(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,
(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,
(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानीनोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,
(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,
(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,
(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,
(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय शिक्षा शाखामा सिफारिस गर्ने,
(ण) स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,
(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,
(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथाकर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,
(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,
(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,
(न) विद्यालयमा अध्ययन, अध्यापन सम्वन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन स्थानीय शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयको उपलब्धि भौगोलिक क्षेत्र औषत उपलब्धिभन्दा लगातार तीन वर्षसम्म कम भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने, करार अस्थायी राहत शिक्षकको हकमा निजहरूको अभिलेख गाउँ शिक्षा शाखामा पठाउने,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने, तोकिएको जिम्मेवारी पूरा गर्न नसक्ने शिक्षकलाई विभागीय कार्यवाही (ग्रेड रोक्का, ग्रेड घटुवा वा सरुवा)का लागि वि.व्य.स.को निर्णयानुसार शिक्षा शाखा मार्फत गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क तालुक निकायद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षा कोषको रकम सम्वन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ . यसका लागि :

(१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

(३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति वा शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरूसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

(४) विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई कार्यपालिका मार्फत् छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ,

(५) विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्द्धनात्मक कार्य गर्ने ।

५८. **सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

५९. **विद्यालय सहयोगी सम्बन्धी व्यवस्था :** विद्यालय व्यवस्थापन समितिले प्रचलित कानुनको अधीनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ।

## परिच्छेद - बाह्र

## शिक्षक नियुक्ति, परीक्षा, सरुवा र दरबन्दी मिलान

गाउँ कार्यपालिकाको कार्यालय ... प्रदेश नेपाल

**६०. शिक्षक तथा कर्मचारी छनौट समितिः**

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक, करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) शिक्षा अधिकृत वा निजले तोकेको शिक्षा सेवाको कर्मचारी प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित विषयको विषय विशेषज्ञ (माध्यमिक शिक्षक छनोट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह र अन्य तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह उर्त्तीण गरेका विषय विज्ञको सूचीका) शिक्षकहरू मध्येबाट शिक्षा अधिकृतले मनोनित गरेको दुई (२) जना) -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य-सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिबालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(३) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधिसो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा १ बमोजिम प्रधानाध्यापकको नियुक्तिको लागि सिफारिस गर्न बसेको छनोट समितिको वैठकमा सो विद्यालयमा कार्यरत प्रधानाध्यापक उम्मेदवार भएमा उम्मेदवार नभएको उपलब्ध वरिष्ठतम् शिक्षकले सदस्य सचिव भई काम गर्नेछ ।

(६) उपदफा १ बमोजिम मनोनित सदस्यहरूको पदावधि १ वर्षको हुनेछ ।

(७) कुनै कारणबाट विद्यालयमा व्यवस्थापन समिति नरहेको अवस्थामा दफा ६० को (१) अनुसारको समितिका सदस्यमध्ये गाउँ शिक्षा समितिका अध्यक्षले तोकेको सदस्यले छनौट समितिको अध्यक्ष भई काम गर्नेछ ।

**६१. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः**

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका इच्छुक उम्मेदवारमध्ये व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपदफा (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, गाउँ कार्यपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहको Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(६) उपदफा (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो आर्वश्यक शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र र अनुसूची (१५) बमोजिमका ढाँचामा निरोगिताको प्रमाण पत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(८) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पुर्ति नभएमा गाउँ शिक्षा शाखाको सहमतिमा व्यवस्थापन समितिले एक पटकको लागि मात्र अधिकतम एक वर्षका लागि करारको म्याद थप गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम करार गरिएको जानकारी विद्यालयले स्थानीय शिक्षा शाखालाई दिई अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।

(१०) यस ऐन बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरेमा गाउँ शिक्षा समितिले त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

(११) यस ऐन बमोजिम लिने परीक्षा गाउँ शिक्षा समितिको समन्वयमा शिक्षा शाखाले तोकेको मिति समय र केन्द्रमा सञ्चालन हुने छ ।

(१२) परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क देहाय बमोजिम हुने छ :

१. लिखित परीक्षा -

प्रथम चरण पूर्णाङ्क १००, उत्तीर्णाङ्क ५० (आयोगले तोके बमोजिमको पाठ्यक्रम अनुसार)

द्वितीय चरण पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४० ( आयोगले तोके बमोजिमको पाठ्यक्रम अनुसार)

२. अन्तरवार्ता - पूर्णाङ्क २५, उत्तीर्णाङ्क १०

३. प्रयोगात्मक परीक्षा- पूर्णाङ्क २५ उत्तीर्णाङ्क १०

विषयको प्रकृति हेरी आवश्यक ठानेमा गाउँ गाउँ शिक्षा समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । प्रयोगात्मक परीक्षा नलिइएको अवस्थामा लिखित परीक्षा र अन्तरवार्ताको अङ्कबाट मात्र मूल्याङ्कन गरिने छ ।

(१३) शैक्षिक योग्यता र तालिम व्यवस्था:

१. आधारभूत विद्यालयका शिक्षकको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालिम लिएको ।

२. माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको ।

३. कुनै व्यक्तिले शिक्षा शास्त्रतर्फ उल्लेखित योग्यता प्राप्त गरेको भए यस दफाको प्रयोजनका लागि तालिम लिएको मानिने छ ।

४. विज्ञान, गणित, अग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा वालीविज्ञान विषयमा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका व्यक्तिले सम्बन्धित विषयको शिक्षक पदको लागि लिइने परीक्षामा शिक्षा विषयको तालिम नलिएको भए पनि उम्मेदवार हुन सक्ने छ ।

(१४) देहायका व्यक्तिहरु शिक्षक पदमा उमेदवार हुनका लागि योग्य हुने छन :

१. नेपाली नागरिक

२. अठार वर्ष उमेर पुरा भएका र चालीस वर्ष उमेर ननाघेका

३. मगज नबिग्रेका

४. नैतिक पतन देखिने फोजदारी अभियोगमा अदालतबाट कसुर नठहरिएका

५. भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएका

६. अध्यापन अनुमति पत्र लिएका (स्थानीय अस्थायी अध्यापन अनुमति पत्र लिएका समेत)

७. सम्बन्धित तह र विषयका लागि आवश्यक शैक्षिक योग्यता भएका र तालिमलिएका

(१५) अन्तरवार्ताको लागि छुट्याइएको २५ अङ्कदेहाय बमोजिम दिइने छ :

१. अनुभव वापत प्रत्येक वर्षको १ अंङ्का दरले बढीमा २ अंङ्,

२. शैक्षिक योग्यता बापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३, द्वितीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अंङ्को दरले बढीमा ३ अंङ्,

३. अन्तरवार्ता बापत बढीमा २० अंङ्क ।

तर अन्तरवार्ता वापतको अङ्क दिदा कुनै उमेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अङ्क दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुको स्पष्ट कारण उल्लेख गर्नुपर्ने छ ।

(१६) योग्यताक्रम प्रकाशित गर्ने : शिक्षक छनौट समितिले लिखित परीक्षा र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उमेदवारहरुले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारहरुको योग्यताक्रम सहितको सूची प्रकाशित गर्ने छ । यसरी योग्यताक्रमको आधारमा सूची प्रकाशन गर्दा रिक्त पद संख्यासम्मको योग्यतामा परेका उम्मेद्वारहरुलाई नियुक्तिको सिफारिस गरी रिक्त पदको १० प्रतिशतले हुन आउने उम्मेदवारको नाम बैकल्पिक सूचीमा समाबेश गरिने छ ।

(१७) कुनै उम्मेदवारले झुटा विवरण दिएको प्रमाणित भएमा, परीक्षाको मर्यादा भङ्ग गरेमा शिक्षक छनौट समितिले त्यस्तो उम्मेद्वारको दरखास्त रद्ध गर्न सक्नेछ । साथै झुटा विवरण पेश गरेको प्रमाणित भएमा सिफारिस वा नियुक्त भैसकेको भए सिफारिस वा नियुक्ति बदर हुने छ ।

**६२. दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुनेः**

(१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरबन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) अनुसूची-१५ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

**६३. सामुदायिक विद्यालयको कर्मचारी सम्बन्धी व्यवस्था** :

(१) नेपाल सरकारले स्थानीय सरकार मार्फत सामुदायिक विद्यालयका कर्मचारीका लागि निश्चित मापदण्डका आधारमा विद्यालयलाई वार्षिक रूपमाअनुदान उपलब्ध गराउनेछ ।

(२) यस ऐनमा अन्यत्र जे सुकै लेखिएको भएतापनि दफा ६३ को उपदफा १ बमोजिम प्राप्त अनुदान र विद्यालयको आन्तरिक स्रोत समेतलाई विचार गरी व्यवस्थापन समितिले उपदफा (३) बमोजिमको कार्यविधिको अधिनमा रही विद्यालय कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यविधि विद्यालय सेवा सर्त सम्बन्धी प्रचलित कानुनको अधिनमा रही सेवा प्रवेश तथा सेवा निवृत्त हुने उमेर समेत खुलाई बनाउनु पर्नेछ । निवृत्त हुने उमेरलाई निजको उमेर ६० बर्ष भन्दा बढी हुनेगरी राख्न पाइने छैन । उक्त कार्यविधि विद्यालयले शिक्षा अधिकृत समक्ष पेश गर्नु पर्नेछ । सो कार्यविधि शिक्षा शाखाको अभिलेखमा दर्ता भएपछि मात्र कार्यान्वयन हुनेछ ।

(४) विद्यालयले कुनै कर्मचारी नियुक्ति नगरी यस्तो कर्मचारीले गर्ने कार्य विद्यालयको कुनै शिक्षकबाट गराउन सक्नेछ । यसरी काममा लगाइएको शिक्षकलाई व्यवस्थापन समितिले तोके बमोजिमको भत्ता दिन सकिनेछ।

(५) यो ऐन प्रारम्भ हुनअघि कुनै विद्यालयमा प्रचलित कानुन बमोजिम कुनै कर्मचारी नियुक्ति भई यो ऐन प्रारम्भ हुदाका बखत सम्म कार्यरत रहेको भए त्यस्तो विद्यालयले उपदफा (३) बमोजिमको कार्यविधिको अधिनमा रही त्यस्तो कर्मचारीलाई समायोजन गर्नुपर्नेछ ।

**६४. शिक्षकको दरबन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँपालिकाले तोकिएको प्रक्रिया पूरा गरी दरवन्दी सार्न सक्ने छ ।

**६५. सरुवा सम्बन्धी व्यवस्था :**

(१) सरुवा हुन चाहाने शिक्षकले सरुवाका लागि अनुसूची -१६ बमोजिमको ढाँचामा शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरवन्दी भित्र गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

(३) सामान्यतयाः शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको अन्तिम महिना र शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई सामन्यतः एक शैक्षिक सत्र सेवा पूरा नगरी सरुवा गरिने छैन । तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल

सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ ।

(५) पालिका भित्र शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) विद्यालयको सहमति बिना गाउँ भित्र शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गरिनेछ

(क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा गर्न सम्बन्धित प्रधानाध्यापकले बारम्बार सचेत गराउँदा समेत जिम्मेवारी पूरा गर्न नसकेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपदफा (५) को वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिका वा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेबालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति पत्नी दुबै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा।

(७) शिक्षक सरुवाको अन्य मापदण्ड गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(९) उपदफा (७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा बसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(११) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई अनुसूची-१७ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

(१२) यस नियमको प्रयोजनको लागि शिक्षा शाखाले प्रत्येक बर्षमा सरुवा भएका शिक्षकहरूको सङ्ख्या यकिन गरी प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि अन्तर जिल्ला वा अन्तरस्थानीय तह सरुवाको व्यवस्था संघिय ऐनमा तोकिए बमोजिम हुनेछ । सोको लागि निवेदन दिने शिक्षकले आफू सेवारत विद्यालयको सहमति र सरुवा भई जान चाहेका स्थानीय तहले दिएको सहमति र विद्यालयको सहमति सहित उपदफा १ बमोजिम निवेदन दिनु पर्नेछ । संलग्न कागजातका आधारमा कार्यरत स्थानीय तह गाउँ शिक्षा समितिको सिफारिसमा शिक्षा अधिकृतले सरुवा सिफारिस दिन सक्नेछ । तर यस ऐनमा सरुवा गर्ने मापदण्ड विपरीत हुने गरी सरुवा सहमति दिइने छैन ।

६६. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने छ ।

६७. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

१. सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

६८. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

१. दफा ४५ को उपदफा २ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाईएको वा बर्खास्त भएका शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्ने छ ।

२. उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब बृद्धि समेत पाउने छ ।

## परिच्छेद - तेर्ह
## विद्यार्थी सङ्ख्या, भर्ना र कक्षा चढाउने व्यवस्था

६९. **विद्यार्थी सङ्ख्याः**

(१) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतयः चालिस हुनु पर्नेछ ।

(२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया न्यूनतम बाइस, अधिकतम चौबालीस र औसत तेत्तीस हुनु पर्नेछ ।

(३) उपदफा (१) वा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष आवश्यकता शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी सङ्ख्या गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(४) कुनै कक्षामा उपदफा (१) मा लेखिए भन्दा बढी विद्यार्थी भएमा विद्यालयले त्यस्तो कक्षाको अर्को वर्ग (सेक्सन) खोल्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ ।

७०. **भर्ना सम्बन्धी व्यवस्था :**

(१) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि देहाय बमोजिमको प्रमाणपत्र पेश गर्नु पर्नेछ :

(क) कक्षा नौ मा भर्ना हुनको लागि आधारभूत तहको अन्तिम परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ख) कक्षा एघारमा भर्ना हुनको लागि कक्षा दशको परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) कक्षा एकमा बाहेक अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले लिने वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र ।

(घ) बाबु आमा वा अभिभावकको अभावमा जन्म दर्ता हुन नसकेका बालबालिकाहरूको पढ्न पाउने अधिकारका लागि सम्बन्धित वडा समितिको सिफारिस पत्रका आधारमा विद्यालयले भर्ना गराउन सक्नेछ ।

(२) विद्यालयले सामान्यतः शैक्षिक सत्र शुरुभएको ३५ दिनपछि वा वार्षिक परीक्षा उत्तीर्ण नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र लिई आए पनि अध्ययनरत कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन ।

(३) विद्यालयको एक तहमा भर्ना भएको विद्यार्थीले सोही विद्यालयको माथिल्लो कक्षामा पुनः भर्ना गर्नु पर्ने छैन ।

(४) विद्यार्थीले पहिलो पटक विद्यालयमा भर्ना हुन आउँदा साधारणतया जन्म दर्ताको प्रमाणपत्र र आफ्नो अभिभावकलाई साथमा लिई आउनु पर्नेछ ।

(५) विद्यालयले विद्यार्थी भर्ना गर्दा निःशुल्क शिक्षाको प्रयोजनको लागि अभिभावकको नाम, ठेगाना, सम्पर्क नं. समेतका विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

(६) पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना र जुन सालको परीक्षामा सम्मिलित हुने हो सोही सालको चैत्र मसान्त सम्मा १४ बर्ष उमेर पुरा नभएकालाई माध्यमिक शिक्षा परीक्षा (SEE) मा समावेश गरिने छैन ।

७१. **स्थानान्तरण प्रमाणपत्र सम्बन्धी व्यवस्थाः**

(१) कुनै विद्यार्थीले स्थानान्तरण प्रमाणपत्र लिनु परेमा अभिभावकको सिफारिस सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कक्षा दश र बाह्रमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिइने छैन । तर देहायका अवस्थामा शैक्षिकसत्र सुरु भएको दुई महिनाभित्र

स्थानान्तरण भई आउने विद्यालयको सिफारिसमा शिक्षा शाखाको सहमति लिई स्थानान्तरण प्रमाणपत्र दिन सकिनेछ :

(क) स्थानान्तरण हुने विद्यार्थीको अभिभावक कर्मचारी रहेछ र निजको अन्यत्र सरुवा भएमा,

(ख) अभिभावकले बसाई सराई गरेको सिफारिस प्राप्त भएमा

(ग) विद्यार्थी विरामी भएको कारणले सोही स्थानमा राख्न नहुने भनी प्रचलित कानुन बमोजिम स्वीकृत चिकित्सकले सिफारिस गरेमा, वा

(घ) अन्य कुनै मनासिबकारणले विद्यार्थी अन्यत्र स्थानान्तरण हुनु परेमा ।

(३) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्रधानाध्यापकले आधारभूत तहको विद्यार्थीको हकमा निःशुल्क र माध्यमिक तहको विद्यार्थीको हकमा तोकिए बमोजिमको शुल्क लिई सात दिनभित्र स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

(४) प्रधानाध्यापकले उपदफा (३) बमोजिमको अवधिभित्र स्थानान्तरण प्रमाणपत्र नदिएमा सम्बन्धित विद्यार्थीले स्थानीय गाउँ शिक्षा अधिकारी समक्ष उजूरी दिन सक्नेछ र त्यसरी उजूरी पर्न आएमा गाउँ शिक्षा अधिकारीले जाँचबुझ गरी स्थानान्तरण प्रमाणपत्र दिन उपयुक्त देखेमा प्रधानाध्यापकलाई यथाशीघ्र स्थानान्तरण प्रमाणपत्र दिन निर्देशन दिनेछ ।

(५) सक्कल स्थानान्तरण प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले प्रतिलिपिको लागि त्यसको व्यहोरा खुलाई सम्बन्धित विद्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी पर्न आएको निवेदन मनासिब देखिएमा प्रधानाध्यापकले निवेदकलाई स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

(६) विद्यालयले कुनै विद्यार्थीलाई आफूले अध्यापन नगराएको कक्षाको स्थानान्तरण प्रमाणपत्र दिएमा त्यस्तो प्रमाणपत्र दिने प्रधानाध्यापकलाई कानुन बमोजिम कारबाही गरिनेछ र त्यसरी दिएको स्थानान्तरण प्रमाणपत्र रद्द हुनेछ ।

(७) संस्थागत विद्यालयको हकमा विद्यार्थीले जुन महिनामा स्थानान्तरण प्रमाणपत्र मागेको छ सो महिनासम्मको मासिक पढाइ शुल्क र अन्य दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ । विद्यार्थीले लामो बिदा (वार्षिक जाडो वा गर्मीको बिदा) को अघिल्लो महिनामा स्थानान्तरण प्रमाणपत्र माग्न आएमा सो बिदाको शुल्क र अरू दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ ।

(८) विद्यालयले विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिँदा सो प्रमाणपत्र पाउने विद्यार्थी वा निजको अभिभावकको रीतपूर्वक भरपाई गराउनु पर्नेछ ।

**७२. शैक्षिकसत्र, भर्ना गर्ने समय र काम गर्ने दिन :**

(१) विद्यालयको शैक्षिकसत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कक्षा एघार र बाह्रको हकमा शैक्षिक सत्र श्रावण महिनाबाट सुरु हुनेछ ।

(३) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया ३५ दिन भित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।

(५) कुनै पनि विद्यालयले शैक्षिकसत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउन पाइनेछैन ।
तर कक्षा एकको उमेर समूहभन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध्र दिन अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न बाधा पर्ने छैन ।

(६) विद्यालयको एक शैक्षिकसत्रमा काम गर्ने दिन कम्तीमा दुईसय बीस दिन हुनेछ र विद्यालयमा पठन पाठन हुने दिन १९२ दिनमा घटाउन पाइनेछैन । विद्यालयमा विद्यमान दरबन्दीको अबस्था हेरी सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तीमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तीमा अठार र शिक्षकले हप्तामा कम्तीमा चौबिस पिरियड अध्यापन गराउनु पर्नेछ ।

(७) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी सङ्ख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ । तर कक्षा सञ्चालन गर्दा आधारभूत तह वा माध्यमिक तहका कक्षाहरू एकै समय (सिफ्ट) मा सञ्चालन गर्नु पर्नेछ ।

७३. **विद्यालय बिदा सम्बन्धमा:**

(१) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादाम्यता कायम हुने गरी गाउँ शिक्षा अधिकृतले गाउँ शिक्षा समितिको निर्णय बमोजिम विद्यालयमा सार्वजनिक बिदा निर्धारण गर्न सक्नेछ ।

(२) गाउँ शिक्षा समितिको निर्देशनमा एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालीस दिन विद्यालय बिदा दिन सकिनेछ ।

(३) बडा दशैंको घटस्थापनादेखि पूर्णिमासम्म विद्यालय बन्द रहनेछ ।

(४) विद्यालयले विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन हुनेगरी एक शैक्षिकसत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिई विद्यालय बिदा गर्न सक्नेछ ।

(५) यस ऐनमा लेखिए बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारवाही गरिनेछ ।

## परिच्छेद - चौध

## बिदा तथा काज सम्बन्धी व्यवस्था

७४. **शिक्षक तथा कर्मचारीले पाउने बिदा:**

(१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरूपाउनेछन् :

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी अन्ठानब्बे दिन,

(ङ) प्रसूती स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(झ) बेतलबी बिदा बढीमा तीन वर्ष ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यस्तो बिदा सञ्चित हुने छैन ।

(३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा शिक्षा अधिकृतबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले संघिय शिक्षा ऐन तथा नियमावलीले तोके बमाजिम पाउनेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ । यसरी पेश्की बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको बिदा स्वतः मिनाहा हुनेछ ।

(५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकबालाले एकमुष्ट पाउनेछ ।

(६) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसूती हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रसूतीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार बिदा पाउनेछ । प्रसूती स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधिभरमा दुई पटकमात्र लिन पाइनेछ ।

(७) कुनै शिक्षक वा कर्मचारीले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा वा त्यस्तो शिक्षक वा कर्मचारीको वाबु आमा, वाजे वज्यै, छोरा छोरी वा विवाहित महिला शिक्षक वा कर्मचारीको सासु ससुराको मृत्यु भएमा वा पुरुष शिक्षकको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ । महिला शिक्षक वा कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षक वा कर्मचारीले पनि किरिया बिदा पाउनेछ। महिला शिक्षक वा कर्मचारीप्रसुती बिदामा बसेको अवस्थामा सट्टा शिक्षक वा कर्मचारीको व्यवस्था गर्न आवश्यक परे सो को व्यवस्था गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) यस नियम बमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेश गर्नु पर्नेछ ।

(९) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन ।

(१०) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एकतह माथिको उच्च अध्ययनका लागि अध्ययन बिदा दिन सकिनेछ ।

(११) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा गाउँ शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना तथा माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ ।

(१२) अध्ययन बिदा दिँदा देहायको प्रक्रिया अवलम्बन गरीनेछः-

(क) अध्ययन बिदा स्वीकृतिका लागि गाउँपालिकाले सार्वजनिक रूपमा सूचना गरी इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

(ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धता पत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेश गर्नु पर्नेछ । त्यसरी पेश भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरी सूचना प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजूरी गर्ने अवसर प्रदान गरीने छ । उजूरीकर्ताको उजूरीका आधारमा अन्तिम नामावली प्रकाशन गरी अध्ययनका लागि अन्तिम नाम छनौट गर्ने,

(घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कबुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ । यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्ने,

(ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरे अनुसारको प्रतिवेदन शिक्षा शाखामा बुझाउनु पर्नेछ । अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ ।

(च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिनेछ ।

(१३) बेतलबी बिदा देहायका अवस्थामा दिइनेछः -

(क) कुनै शिक्षक वा कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाण सहित त्यस्तो शिक्षकले बेतलबी बिदा माग गरेमा एकै पटक वा पटक पटक गरी नोकरी अवधिभर तीन वर्षसम्म,

(ख) कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगकाकारण लामो उपचारमा बस्नुपर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउनु पर्ने भनी मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिकाले एक पटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म दिन सक्नेछ ।

(१४) असाधारण र बेतलबी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(१५) भैपरी आउने बिदा, पर्व बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसूती बिदा, प्रसूति स्याहार बिदा बस्ने शिक्षक तथा कर्मचारीले पूरा तलब पाउनेछ ।

(१६) असाधारण र बेतलबी बिदामा बसेको शिक्षक वा कर्मचारीले तलब पाउने छैन ।

(१७) यस नियम बमोजिमको असाधारण बिदा, अध्ययन बिदा र बेतलबी बिदा बाहेकका अन्य बिदाहरू अस्थायी (करार) शिक्षक र राहत शिक्षकले समेत पाउनेछन् ।

**७५. बिदा दिने अधिकारीः**

(१) ७ दिन सम्मको प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ । सो भन्दा बढी अवधिको बिदा व्यवस्थापन समितिको सिफारिसमा शिक्षा अधिकृतले स्वीकृत गर्नेछ । तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलबी बिदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले स्वीकृत गर्नेछ ।

७६. **बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुने:** शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन ।

७७. **अस्थायी शिक्षक वा कर्मचारीको बिदाको रकम सम्बन्धमा :** अस्थायी शिक्षक वा कर्मचारीले वर्षे वा हिउँदे बिदा उपभोग गर्न नपाउँदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको बिदा रकम पाउनेछ ।

७८. **बिदा सहुलियत मात्र हुने:** बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

७९. **काज तथा दैनिक भ्रमण भत्ता:**

(१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि शिक्षा शाखाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ ।

(२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

(३) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम रमाना दिने विद्यालयले दिनु पर्नेछ । उक्त रकम गाउँपालिकाबाट सोधभर्ना गरिनेछ । तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन ।

८०. **यस परिच्छेदको व्यवस्था लागु नहुने :** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट व्यहोर्ने गरी सामुदायिक विद्यालयमा नियुक्त शिक्षकको सम्बन्धमा यस परिच्छेदको व्यवस्था लागु हुने छैन । त्यस्ता शिक्षकले विद्यालयद्वारा तोके बमोजिम बिदाको सुविधा पाउने छन् ।

८१. **शिक्षक तथा विद्यालय कर्माचारी सजाय सम्बन्धी व्यवस्था:** शिक्षक तथा विद्यालय कर्माचारी सजायसम्बन्धी व्यवस्था सङ्घीय कानुनले व्यवस्था गरे बमोजिम हुनेछ ।

## परिच्छेद- पन्ध्र

## छात्रवृत्ति तथा नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था

८२. **छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने :**

(१) संस्थागत विद्यालयले देहाय बमोजिमका गरीव, अपाङ्ग, महिला, दलित, जनजाति तथा विपन्न एवं सीमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी छात्रवृत्ति उपलब्ध गराउँदा कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १० प्रतिशत उपलब्ध गराउनु पर्नेछ । त्यसमा ५० प्रतिशत बालिका अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ :

(क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कपीकलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको,

(ख) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा

(ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरीबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको ,

(घ) अपाङ्गता भएका बालबालिका ।

२) उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ सो को जानकारी शिक्षा शाखामा गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्ति शैक्षिक सत्र सूरु भएको २ महिना भित्रमा उपलब्ध गराई सक्नुपर्नेछ ।

(४) सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थीहरुलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले तोकेको मापदण्ड बमोजिम छात्रवृति प्रदान गर्न सक्नेछ ।

**८३. नामावली सार्वजनिक गर्नुपर्ने :**

(१) दफा (८२) बमोजिम छात्रवृति उपलब्ध गराइएका बिद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी र विद्यालयको वेभसाईट भएमा त्यसमा राखी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ ।

**८४. बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा पठाउनु पर्ने :**

(१) सबै अभिभावकले पाँच वर्ष पूरा भएका बाल.बालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रूपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धित वडा शिक्षा समिति, निरीक्षक तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाई बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रूपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व गाउँ शिक्षा समितिको हुनेछ ।

## परिच्छेद- सोन्ह
## आचारसंहित र अतिरिक्त क्रियाकलाप

**८५. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था:**

(१) विद्यालयहरूले गाउँ शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

२) गाउँ नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४) विद्यालयले उपदफा (१ र २) बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिमका प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन लगाउनु पर्नेछ -

(क) चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,
(ख) बाद्यबादन तथा सङ्गीत प्रतियोगिता,
(ग) नृत्य प्रतियोगिता .,
(घ) नाटक प्रतियोगिता,
(ङ) वक्तृत्वकला प्रतियोगिता,
(च) हाजिरी जवाफ प्रतियोगिता,
(छ) हिज्जे प्रतियोगिता,
(ज) खेलकुद प्रतियोगिता,
(झ) साहित्यिक गतिविधि, कथा, कविता र निवन्ध प्रतियोगिता,
(ञ) फूलबारी र कृषि सम्बन्धी प्रतियोगिता,
(ट) सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता

(ठ) अन्य प्रतियोगिता,

(५) विद्यालयले प्रत्येक शुक्रबारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

८६. **जिम्मेवार रहने :**

(१) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ, यसका लागि उनले अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्नेछन् ।

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले गाउँ शिक्षा समितिसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

३) शिक्षक एवं कर्मचारी प्रधानाध्यापक प्रति जिम्मेवार हुनेछन् । निजहरूले गुणस्तरीय शिक्षाका लागि गाउँपालिका, गाउँ शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गर्नु पर्नेछ । अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरूले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

४) शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्न गाउँ कार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रूपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई छात्रवृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सहयोग गरी बालबालिकालाई विद्यालयमा ल्याउनु गाउँपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।

५) विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने मुख्य दायित्व शिक्षकहरूको हुनेछ भने यसको जिम्मेवारी प्रधानाध्यापकले पनि लिनु पर्नेछ ।

६) कुनै अभिभावक वा संरक्षकले विद्यालय जाने उमेरकाबालबालिकालाई विद्यालय पठाउन अटेर गरेमा निजलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरूबाट बञ्चित गर्न सकिनेछ ।

८७. **स्थानीय तहका निर्वाचित पदाधिकारीहरूले पालना गर्नुपर्ने आचार संहिताः**

स्थानीय तहका निर्वाचितपदाधिकारीहरूले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

क) संस्थागत विद्यालय वा निजी अन्य कुनै प्रकारका शैक्षिक सङ्घ संस्था सञ्चालनमा संलग्नता हुन नहुने तर प्राज्ञिक क्रियाकलापमा भाग लिन बन्देज नरहने,

ख) धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज नरहने,

ग) राजनीतिक पार्टी वा अन्य कुनै दलगत समूहको स्वार्थमा विद्यार्थी र शैक्षिक संरचनाको प्रयोगलाई निषेधित गर्नुपर्ने,

घ) विद्यालयको समग्र शैक्षिक गुणस्तरको अभिवृद्धिमा ध्यान दिनुपर्ने .

ङ) जनप्रतिनिधि समाजकै रोल मोडेल हुने हुँदा सार्वजनिक ठाउँहरू तथा विद्यालय वा शैक्षिक संस्थामा उपस्थित रहँदा नकरात्मक सन्देश प्रवाह हुने कुनैक्रियाकलाप नगर्न सजग रहनु पर्ने ।

८८. **शिक्षक तथा कर्मचारीले पालन गर्नु पर्ने आचार संहिता :**

शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ :-

(क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने,

(ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने र सामन्यतः पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

(घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने कार्यलाई मूल कर्तव्य ठान्ने

(च) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

(छ) व्यक्तिगत रूपमा कुनै पनि राजनैतिक विचारधाराको वकालत, बहस गरेको आभाष विद्यालयमा हुन नदिने,

(ज) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनु पर्ने,

(झ) कुनैभाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ञ) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धित शिक्षा अधिकृतको स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(ट) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

(ठ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

(ड) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने, बाल मैत्री तथा भयरहित शिक्षण सिकाइमा समर्पित हुने .

(२) उपदफा (१) बमोजिमको आचार संहिताको पालन भए नभएको अभिलेख शिक्षकहरूको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचार संहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित स्थानीय शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**८९. विभागीय कारबाही र सजाय :-**

(१) यस ऐन प्रचलित ऐन नियममा उल्लेखित काम कर्तव्य र अधिकार बमोजिम कार्य नगर्ने वा यस ऐन बमोजिमको आचार संहिता पालना नगर्ने प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाई विभागीय कारबाही र देहाय बमोजिमको सजाय हुनेछ ।

(क) दफा ८८ बमोजिमको आचार संहितामा उल्लेखित कुनै पनि विषय एक पटक उल्लंघन गरेमा प्रधानाध्यापकले नसिहत दिनेछ ।

(ख) ३ पटक सम्म उल्लंघन गरेमा व्यवस्थापन समितिले ५ ग्रेड सम्म रोक्का गर्न वा २ बर्ष सम्म बढुवारोक्का गर्न सक्नेछ ।

(ग) पटक पटक उल्लंघन गरेको प्रमाणित भएकमा त्यस्ता शिक्षकलाई सेवाबाट समेत हटाउनको लागि सिफारिस गर्न सकिनेछ ।

(२) प्रधानाध्यापकको हकमा विभागीय कारबाही गर्नु परेमा उपदफा (१) को खण्ड (क) (ख) को हकमा विद्यालय व्यवस्थापन समितिले र खण्ड(ग) बमोजिमको कारबाही गाउँ शिक्षा समितिले गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिम कारबाही गर्नु पर्ने शिक्षकलाई कारबाही नगरेमा शिक्षा अधिकृत वा गाउँ शिक्षा समितिले सम्बन्धित प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समितिलाई आदेश दिन सक्नेछ । त्यस्तो आदेश पालना नभएमा गाउँ शिक्षा समितिले प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समितिलाई यस ऐन वा प्रचलित ऐन नियम बमोजिम कारबाही गर्न सक्नेछ ।

(४) उपदफा १ र २ मा जेसुकै कुरा लेखिएको भएपनि प्रधानाध्यापक र शिक्षकलाई विभागीय कारबाही र सजाय गर्दा निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) यस ऐनमा उल्लेख हुन नसकेका कसुरमा हुने विभागीय कारबाही तथा सजाय प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**९०. विद्यार्थीले पालन गर्नुपर्ने आचार संहिता :** विद्यार्थीहरूले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछः-

(क) शिक्षकको आज्ञापालन र आदर गर्नु पर्ने,

(ख) विद्यालयमा वा बाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सधैं प्रयत्नशील रहनु पर्ने,

(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनु पर्ने,

(ङ) सबैसँग शिष्ट व्यवहार गर्नु पर्ने,

(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने ,

(छ) सिकाइ तथा विद्यालयले तोकेकाकामका लागि जवाफदेही हुने ।

(ज) सिकाइ सुधार योजना (Learning Improvement Plan) निर्माण गरी आफ्नो सिकाइ कमजोरी हटाउन सधैं प्रयत्नशील रहने ।

**९१. पुरस्कार सम्बन्धीव्यवस्था :**

(१) प्रत्येक शैक्षिक सत्रमा गाउँ शिक्षा समितिले मापदण्ड स्वीकृत गरी उत्कृष्ट कार्य गर्ने विद्यालय, प्रधानाध्यापक र शिक्षकलाई देहाय अनुसार पुरस्कार वा वृत्ति विकास सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(क) ग्रेड थप गर्ने

(ख) प्रर्माण पत्र दिने

(ग) नगद र प्रमाण-पत्र दिने

(२) उपदफा १ बमोजिमको पुरस्कार पाउने प्रधानाध्यापकको नियुक्ती र शिक्षकको बढुवा सम्बन्धमा तोकिएको अंक थप हुनेछ ।

**परिच्छेद - सत्र**

**विद्यालयको चिह्न, नामाकरण तथा अन्य व्यवस्था**

९२. **विद्यालयको चिह्न:** विद्यालयको चिह्न षट्‌कोणको हुनेछ । विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सो षट्‌कोणको बीचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

९३. **विद्यालयको नामाकरण :**

(१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ, तर यो ऐन प्रारम्भ हुनुभन्दा अगाबै यस नियम विपरित नामाकरण भइसकेका विद्यालयको हकमा यो ऐन जारी भएपछि नामाकरण गर्न चाहेमा विद्यालय व्यवस्थापन समिति सहितको आम अभिभावकको भेलाले प्रस्ताव गरेमा शैक्षिक शत्रको सुरु देखिनै लागु हुने गरी पुनःनामाकरण गर्न गाउँ कार्यपालिकाबाट स्वीकृति लिनु पर्ने छ ।

२) कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "पब्लिक" शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई विद्यार्थी पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेको हुनुपर्नेछ । कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "नेशनल" शब्द जोड्न चाहेमा नेपालको कम्तीमा २५ जिल्लाका विद्यार्थी अध्ययनरत रहेको हुनुपर्नेछ र कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "इन्टरनेशनल" शब्द जोड्न चाहेमा कम्तीमा एक तिहाई सङ्ख्यामा विदेशी विद्यार्थी हुनुपर्नेछ । विद्यालयको नामको अन्तमा "विद्यालय", "स्कूल" वा "पाठशाला" शब्द जोडिएको हुनुपर्नेछ । तर यो उपदफा लागुहुनु अगाबै यस विपरीतका शब्दहरू जोडिई नामाकरण भइसकेका विद्यालयको हकमा यो ऐन जारी भएपछिको दोश्रो शैक्षिक शत्रको सुरु देखि नै लागु हुने गरी उपर्युक्त व्यवस्था पालना गर्न वा पुनर्नामाकरण गर्नु पर्नेछ ,

(३) प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति पाएको सामुदायिक विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्ठकमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ ।

(४) नयाँ खोलिने विद्यालयको नामाकरण आफ्नो नामबाट गर्न चाहने व्यक्तिले देहाय बमोजिमको रकममा नघट्ने गरी गाउँपालिकाले तोकिदिएको रकम बराबरको नगद, घर वा जग्गा विद्यालयको नामाकरण गर्ने प्रयोजनको लागि भनी एकमुष्ट विद्यालयलाई सहयोग गरेमा सो विद्यालयको नामाकरण त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट सञ्चालन गर्न सकिनेछ :

(क) माध्यमिक विद्यालयको लागि पचास लाख रूपैयाँ वा सो मूल्य बराबरको घर वा जग्गा,

(ख) आधारभूत विद्यालयका लागि पैंतीस लाख रूपैयाँ वा सो मूल्य बराबरको घर वा जग्गा,

(५) पहिल्यै नामाकरण भईसकेको विद्यालयको नामसँग जोडेर विद्यालयको नामाकरण गर्न चाहने व्यक्तिले उपदफा (४) बमोजिमको रकम वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नाम पछाडि आफूले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ ।

(६) एउटै परिवार वा छुट्टाछुट्टै परिवारका एकभन्दा बढी व्यक्तिले उपदफा (३) वा (४) बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई प्रदान गरेमा त्यस्ता व्यक्तिहरूको निर्णयबाट बढीमा दुईजनासम्मको नामबाट विद्यालयको नामाकरण गर्न र अन्य व्यक्तिको नाम विद्यालयमा देखिने गरी राख्न सकिनेछ ।

(७) उपदफा (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नामाकरण भएको विद्यालयलाई कसैले जतिसुकै रकम वा घर वा जग्गा सहयोग गरे पनि त्यस्तो विद्यालयको नामाकरण परिवर्तन गरीने छैन ।

तर त्यस्तो विद्यालयलाई कुनै व्यक्तिले कक्षा कोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामबाट नामाकरण गर्न सकिनेछ ।

(८) यस नियम बमोजिम विद्यालयको नामाकरण सम्बन्धितविद्यालय व्यवस्थापन समिति तथा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँसभाले गर्नेछ ।

९४. **राष्ट्रिय गान गाउनु पर्ने :** विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भ र विभिन्न समारोहमा अनिवार्य रुपमा राष्ट्रिय गानगाउनु पर्नेछ ।

९५. **झण्डोत्तोलन गर्नु पर्ने :** विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ ।

९६. **विद्यार्थीको पोशाक** : विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानी सुहाउँदो पोशाक तोक्न सक्नेछ । विद्यालयले पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

९७. **नियम बनाउन सक्ने :**यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियमावली, निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

९८. **बचाउ तथा खारेजी :** यो ऐन जारी हुनपूर्व गाउँ कार्यपालिकाबाट जारी कार्यविधि, गाउँ शिक्षा समिति साकेला वा गाउँ शिक्षा शाखा साकेलाबाट भए गरिएका कार्यहरु यसै ऐन अनुसार भए गरिएको मानिनेछ । यस ऐनमा उल्लेख भएका कुनैपनि दफा वा उप दफा सङ्घीय, प्रादेशिक वा अन्य कुनै प्रचलित कानुनसँग बाझिन गएमा बाझिँएका हदसम्म अमान्य हुनेछन । यस ऐनमा उल्लेख नभएका कुनैपनि कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

## अनुसूची-१
### (दफा ३ उपदफा १ सँग सम्बन्धित)
### विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्री शिक्षा अधिकृत ज्यू,
शिक्षा, युवा तथा खेलकुद शाखा
साकेला गाउँपालिका, खोटाङ्ग ।

विषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा ।

महोदय,
शैक्षिक सत्र ..................... देखि ..................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको :
१. नाम:
२. ठेगाना: ................... गाउँपालिका. ............... वडा नं. ............. गाउँ/टोल फोन: ...................
३. किसिम:
(१) सामुदायिक (२) संस्थागत (अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी
४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षा: ५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा:
(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :
१. भवनको: (१) सङ्ख्या: (२) कच्ची वा पक्की वा अर्ध पक्की (३) आफ्नै वा बहालमा वा सार्वजनिक
२. कोठाको विवरण:
कोठाको सङ्ख्या लम्बाई चौडाई उचाई झ्याल ढोकाको अवस्था प्रकाश बत्तीको अवस्था प्रयोजन कैफियत
३. फर्निचरको सङ्ख्या:
(१) डेस्क (२) बेञ्च (३) टेबल (४) दराज (५) मेच (६) अन्य
४. खेलकूद मैदानको अवस्था र जग्गा: (रोपनी वा विगाहामा)
५. शौचालयको सङ्ख्या : (१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने
६. खानेपानीको अवस्था:
७. पुस्तकालयको अवस्था तथा पुस्तकको सङ्ख्या:
८. प्रयोगशाला: सामग्री: ९. सवारी साधनको विवरण:
१०. शैक्षिक सामग्रीको विवरण:
(ग) विद्यार्थी सङ्ख्या: (प्रस्तावित): कक्षा: सङ्ख्या: (घ) शिक्षक सङ्ख्या: (प्रस्तावित)
(ङ) आर्थिक विवरण: (प्रस्तावित)
१. अचल सम्पत्ति: २. चल सम्पत्ति: ३. वार्षिक आम्दानी: ४. आम्दानीको स्रोत:

माथि लेखिएका विवरणहरू ठीक साँचो छ र झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको-
सही:
नाम:
ठेगाना:
मिति:

संलग्न गर्नु पर्ने कागजातहरू :
(१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।
(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।
(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।
(४) सम्बन्धित वडा समितिको सिफारिस ।

## अनुसूची-२
## (दफा ३ को २ सँग सम्बन्धित)
## विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरू

(क) कक्षा कोठाहरू सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,
(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,
(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,
(घ) कक्षा कोठामा विद्यार्थी सङ्ख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,
(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,
(च) प्रारम्भिक वाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,
(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,
(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तै( सेतोपाटी,कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनु पर्ने,
(झ) सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने मैदान हुनु पर्ने,
(ञ) प्रारम्भिक वाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,
(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,
(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यता प्रतिकक्षा कम्तीमा बाईस जनादेखि बढीमा चौवालीस जनासम्म र औसतमा तेत्तीस जना विद्यार्थी हुनु पर्नेछ ।
(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्नेः- माध्यमिक तहको ०-१० कक्षाका लागि - १४ जना
माध्यमिक तहको ०-१२ कक्षाका लागि - १६ जना
आधारभूत तहको ०-८ कक्षाका लागि - ९ जना
आधारभूत तहको ०-५ कक्षाको लागि - ४ जना
प्रारम्भिक बालबिकास केन्द्रको लागि - २ जना
तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.४ हुनु पर्नेछ ।
(ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,
(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,
(त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,
(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने,
(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने ।
(ध) विद्यालयमा वालमैत्री अपाङ्गता मैत्री तथा वातावरण मैत्री हुनुपर्ने ।

**अनुसूची-३**
**(दफा ३ को ४ सँग सम्बन्धित)**
**विद्यालय सञ्चालन गर्न दिइने अनुमति**

श्री.............................
.................................।

विद्यालय खोल्ने सम्बन्धमा मिति...........................मा प्राप्त निवेदन उपर कारबाही हुँदा शिक्षा ऐन, ..... को नियम ४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र .................. देखि आधारभूत/माध्यमिक तहको .............कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको,-
सही :
नाम :
पद :
मिति :

**अनुसूची (४)**
**(दफा ४को १ सँग सम्बन्धित)**
**विद्यालयको स्वीकृतिको लागि दिइने निवेदन**

श्री..............................
................................ ।

विषयः विद्यालयको स्वीकृति सम्बन्धमा ।

स्थानीय गाउँ शिक्षा समितिको मिति .................. को निर्णयानुसार अनुमति पाई खोलिएको यस विद्यालयको स्वीकृति पाउन निम्न विवरणहरू खुलाई यो निवेदन गरेको छु ।
(क) विद्यालयको :
१. नाम : ..........
२. ठेगाना : .......... गाउँपालिका .......... वडा नं. ..... गाउँरटोल ........... फोन नं. ........ .... फ्याक्स नं. ...........
३. अनुमति प्राप्त गरेको तह र मिति :
आधारभूत तह मितिः...............
माध्यमिक तह मिति :...........
(ख) विद्यालयको भौतिक अवस्था :
१. भवनको :
(१) सङ्ख्या : (२) कच्ची/पक्की/अर्धपक्की
(३) आफ्नै/बहालमा/सार्वजनिक
२. कोठाको विवरण :
३. फर्निचरको सङ्ख्याः (१)डेक्स (२) बेञ्च (३) टेबुल (४) दराज (५) मेच (६) अन्य
४. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा विगाहामा)
५. शौचालयको सङ्ख्या : महिला/पुरुष
६. खानेपानीको अवस्था :
७. पुस्तकालयको अवस्था :
८. प्रयोगशालाको अवस्थाः
९.सवारी साधनको विवरण :
१०. शैक्षिक सामग्रीको विवरण :
(ग) विद्यार्थी सङ्ख्याः (कक्षागत रूपमा)
(घ) शिक्षकको सङ्ख्या :
(ङ) आर्थिक स्थितिः
१. अचल सम्पत्ति
२. चल सम्पत्ति
३. वार्षिक आम्दानी
४. आम्दानीको स्रोत
माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
निवेदकको-
विद्यालयको छाप
सहीः
नाम :
ठेगाना :
मिति :

**अनुसूची-५**
**(दफा ४ को ३ सँग सम्बन्धित)**
**विद्यालयको स्वीकृति सम्बन्धमा**

श्री......................विद्यालय,
................................।

त्यस विद्यालयबाट मिति................................मा विद्यालय स्वीकृत गर्ने सम्बन्धमा दिएको निवेदन उपर कारवाही हुँदा साकेला गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ....... बमोजिमका शर्तहरू पालन गरेको देखिएकोले कक्षा.........देखि कक्षा.........सम्म शिक्षा प्रदान गर्न स्वीकृति प्रदान गरिएको छ।
कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने अधिकारीको,-
सही :
नामः
पदः
मितिः

## अनुसूची-६
### (दफा ५ को उपदफा २ सँग सम्बन्धित)
### मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार

१. प्रति कक्षा न्यूनतम ११ जना विद्यार्थी हुनु पर्ने
२. विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेल मैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनु पर्ने,
३. आवश्यक शिक्षकको व्यवस्था भएको हुनु पर्ने,
४. पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे बमोजिमका सिकाइ उपलब्धिहरू पूरा हुने गरी विद्यालय शिक्षण सिकाइ कार्यक्रमको तर्जुमा गरिएको हुनु पर्ने,
५. मन्त्रालयले तोके बमोजिम अन्य पूर्वाधार पूरा भएको हुनु पर्ने ।

अनुसूची-७

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

**कम्पनी अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अर्न्तगत सञ्चालन गर्न दिइने निवेदन**

श्री शिक्षा अधिकृत ज्यू
साक्केला गाउँकार्यपालिकाको कार्यालय,
प्रदेश नं. १ नेपाल ।

विषय : शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न पाउँ ।

महोदय,
मैले र हामीले निम्न विद्यालय कम्पनी अन्तर्गत सञ्चालन गरेकोमा सो विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेकोले देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।
१.विद्यालयको :
(क) नाम :
(ख) ठेगाना................. गाउँपालिका वडा नं .....................
२. विद्यालय सञ्चालन भएको मिति :
३. निजी वा सार्वजनिक कुन शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेको हो ? सो व्यहोरा :
४. अन्य आवश्यक कुराहरू :
माथि लेखिएका विवरणहरू ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।
निवेदकको:
सही :
नाम :
ठेगाना :
मिति :
निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू :
(१) शैक्षिक गुठीको रूपमा विद्यालय सञ्चालन गर्न आपत्ति नभएको कम्पनी रजिष्टारको कार्यालयको पत्र ।
(२) कम्पनीका सञ्चालक तथा व्यवस्थापन समितिको निर्णय ।
(३) कम्पनीको प्रवन्धपत्र तथा कार्यविधिको प्रतिलिपि ।
(४) प्रस्तावित शैक्षिक गुठीको विधान ।
(५) निवेदकको नागरिकताको प्रतिलिपि ।

### अनुसूची-८
### (दफा ६ को उपदफा (४) सँग सम्बन्धित)
### कम्पनी अन्तर्गत विद्यालयलाई सञ्चालित शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न दिइने स्वीकृति

श्री ....................विद्यालय
.......................................।

विषय : शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने स्वीकृति दिइएको सम्बन्धमा ।

त्यस विद्यालयले मिति..................... मा शैक्षिक गुठी ( सार्वजनिक/निजी ) अन्तर्गत सञ्चालन गर्ने स्वीकृतिको लागि दिएको निवेदन उपर कारवाही हुँदा यस कार्यालयको मिति .................. को निर्णयानुसार त्यस विद्यालयलाई शैक्षिक गुठी ( सार्वजनिक/निजी ) को रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ ।
कार्यालयको छाप :
स्वीकृति प्रदान गर्ने अधिकारीको,-
सही :
नाम :
पद :
कार्यालय :
मिति :

## अनुसूची- ९
### (दफा ४७ को उपदफा (१) सँग सम्बन्धित)
### प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनका लागि दिइने निवेदन

श्री साकेला गाउँ कार्यपालिका वडा नं........ को कार्यालय

विषय: प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमतिका लागि सिफारिस पाऊँ ।

शैक्षिक सत्र.................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र विद्यालय व्यवस्थापन समितिको मिति....................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

(क) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको,-
(१) नाम :
(२) ठेगाना : गाँउपालिका......... वडा नं. ............... गाउँ वा टोल..................... फोन नं.....................
(३) सेवा पुऱ्याइने बालबालिकाको सङ्ख्या :
(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आवद्धता दिने विद्यालयको,-
(१) नाम:- (२) ठेगाना:- (३) फोन नं:
(ग) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको भौतिक पूर्वाधारहरू :
(१) भवन: (अ) कोठा (आ) कच्ची वा पक्की
(इ) के ले बनेको (ई) भाडा/आफ्नै/सार्वजनिक
(२) फर्निचरको विवरण: (अ) मेच : (आ) टेवुल : (इ) वेञ्च/डेस्क :
(३) खेलकुद मैदान र त्यसको क्षेत्रफल: (अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य
(४) शौचालयको अवस्था: (अ) सङ्ख्या (आ) कच्ची/पक्की (इ) पानीको व्यवस्था भए नभएको
(५) खानेपानीको अवस्था: (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त
(६) पाठ्यसामग्रीको नाम र सङ्ख्या : (अ) (आ) (इ)
(७) आर्थिक विवरण: (अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य
(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छ:
(९) अन्य कुनै विवरण भए उल्लेख गर्ने:

माथि लेखिएको विवरण ठीक छ ,झुट्ठा ठहरे कानून बमोजिम सहुँलारबुझाउँला ।

निवेदकको,-
संस्थाको छाप सही:
नाम:-
ठेगाना :
मितिः-

संलग्न कागजात :(१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।
(२) सँस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।
(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको वैठकको निर्णय ।
(४) कुनै विद्यालयसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।

अनुसूची-१०
(दफा ४७ को उपदफा (२) सँग सम्बन्धित )
**प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइने अनुमतिका लागि सिफारिस**

श्री साकेला गाउँ कार्यपालिकाको ..........वडा कार्यालय
(.............................................)

श्री अध्यक्ष ज्यू,
............नं. वडा कार्यालय...................।

विषय : प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमतिका लागि सिफारिस गरिएको ।

..............................विद्यालय/संस्थाले प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस ............. वडा समितिको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा ...........गाउँपालिकाको शिक्षा ऐन २०७७ समेतको पूर्वाधार पूरा गरेको र यस वडाको ..................स्थानमा सञ्चालन हुनेगरि शैक्षिकसत्र.................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिदिनु हुन सिफारिस गरिएको छ ।
सिफारिस प्रदान गर्ने अधिकारीको,-
कार्यालयको छाप सही:
नाम :
पद:
मिति:

## अनुसूची- १०(क)
## (दफा ४७ को उपदफा (४) सँग सम्बन्धित )
## प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन अनुमतिका लागि दिइने निवेदन

श्री साकेला गाउँ कार्यपालिका
शिक्षा युवा तथा खेलकुद शाखा

विषयः प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन अनुमति पाऊँ ।

शैक्षिक सत्र.................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र विद्यालय व्यवस्थापन समितिको मिति....................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

(क) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको,-
(१) नाम :
(२) ठेगाना : गाँउपालिका .................... वडा नं. स ......................... गाउँ वा टोल...................... फोन नं..........
(३) सेवा पुऱ्याइने बालबालिकाको सङ्ख्या :
(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आवद्धता दिने विद्यालयको,-
(१) नामः- (२) ठेगानाः- (३) फोन नंः
(ग) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको भौतिक पूर्वाधारहरू :
(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की (इ) के ले बनेको (ई) भाडा/आफ्नै/सार्वजनिक
(२) फर्निचरको विवरणः (अ) मेच : (आ) टेवुल : (इ) वेञ्च/डेस्क :
(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य
(४) शौचालयको अवस्थाः (अ) सङ्ख्या (आ) कच्ची/पक्की (इ) पानीको व्यवस्था भए नभएको
(५) खानेपानीको अवस्थाः (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त
(६) पाठ्यसामग्रीको नाम र सङ्ख्या : (अ) (आ) (इ)
(७) आर्थिक विवरणः (अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य
(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः
(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः
माथि लेखिएको विवरण ठीक छ ,झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
निवेदकको,-
संस्थाको छाप
सहीः
नामः-
ठेगाना :
मितिः-
संलग्न कागजात :(१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।
(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।
(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको वैठकको निर्णय ।
(४) कुनै विद्यालयसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।
(५) वडा कार्यालयको सिफारिस ।

## अनुसूची-१० (ख)
(दफा ४७ को उपदफा (६) सँग सम्बन्धित)
**प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइने अनुमति-**

श्री..............................
...............................।

प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन सम्बन्धमा मिति............................मा प्राप्त निवेदन उपर कारबाही हुँदा शिक्षा ऐन, २०७७ को दफा ४७ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र .................. देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न यो अनुमति दिइएकोछ ।
कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको,-
सही :
नाम :
पद :
मिति :

## अनुसूची-११
### (दफा ४९ को उपदफा (४) सँग सम्बन्धित)
### विद्यालय विकास प्रस्तावको नमुना

१. विद्यालयलको वर्तमान शैक्षिक र आर्थिक अवस्थाः
२. विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धि :
३. वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सूचकगत अन्तर :
४. अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना :
५. कार्य योजनाका मूल्याङ्कनका सूचकहरू :

## अनुसूची-१२
### (दफा ४९ को उपदफा ६ सँग सम्बन्धित)
### प्रधानाध्यापकको छनौटका आधारहरु

| छनौटका आधार | | अंक |
|---|---|---|
| १. शैक्षिक योग्यता | | |
| क) न्यूनतम शैक्षिक योग्यता | १५ | |
| ख) माथिल्लो शैक्षिक योग्यता | १० | |
| २. शिक्षण अनुभव | | २५ |
| ३. तालिम | | |
| क) शैक्षिक तालिम | १० | |
| ख) विद्यालय व्यवस्थापन तालिम | २ | |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | | |
| क) विद्यालय विकास प्रस्ताव | १० | |
| ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ | |
| ६. नेतृत्व लिने क्षमता | | |
| क) गाउँ शिक्षा अधिकारीको मूल्याङ्कनबाट | ५ | |
| ख) व्यवस्थापन समितिको मूल्याङ्कनबाट | ५ | |
| ग) सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ | |
| जम्मा १०० | | |

द्रष्टव्य:

(१) न्यूनतम शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अंक, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ। माथिल्लो शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अंक, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ। माध्यामिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फील. लाई जनाउँनेछ। तर दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ।

(२) शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइनेछ।

तर महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ।

(३) तालीम अन्तर्गत शैक्षिक तालिम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ। श्रेणी नखुलेको तालिमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ। शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालिम वापत मात्र अङ्क पाउनेछ।

तालीम अन्तर्गत विद्यालय व्यवस्थापन तालीम वापत एकमुष्ट २ अंक प्रदान गरिनेछ।

(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा चार अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ। अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछ :-

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत}}{\text{सम्वन्धित विषयको भौगोलिक इकाइको औसत उतीर्ण प्रतिशत}} \times ४$$

(क) भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतको अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ। यस खण्डको प्रयोजनका लागि "भौगोलिक इकाई" भन्नाले पालिकाभरीलाई जनाउँछ।

(ख) सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्राध्यानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) देहायको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अंक १० र सोको प्रस्तुतीकरण वापत ४ अंक दिइनेछ । प्रस्ताव वापत अंक प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सो को पुष्ट्याँई समेत दिनु पर्नेछ ।

(क) वर्तमान शैक्षिक र आर्थिक अवस्था,

(ख) विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धी,

(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर,

(घ) अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,

(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु,

(६) गाउँ शिक्षा अधिकारी र व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको मूल्यांकन देहायका आधारमा गर्नु पर्नेछ :-

| मूल्यांङ्कनका आधार | अति उत्तम (१.२५) | उत्तम (१.०) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशिल | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पणभाव | | | | |
| ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

(७) सम्बन्धित विद्यालयका शिक्षकहरूले मूल्यांकन गरी अंक प्रदान गर्दा खण्ड (६) मा उल्लिखित मूल्याङ्कनको आधारमा अतिउत्तम, उत्तम, मध्यम, सामान्य वापत क्रमशः .५, .४, .३ र .२ अंक प्रदान गर्नु पर्नेछ । शिक्षक छनौट समितिले व्यवस्थापन समितिद्वारा तोकिएको अवधिभित्र शिक्षकहरूबाट प्राप्त मूल्यांकनको औषत अंक निकाल्नु पर्नेछ । शिक्षकहरूले अलग अलग फाराममा गोप्य मूल्यांकन गरी व्यवस्थापन समितिले तोकेको अवधिभित्र आफ्नो मूल्यांकन शिक्षक छनौट समितिलाई बुझाउनु पर्नेछ । उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन ।

(८) व्यवस्थापन समितिले उम्मेदवारको मूल्यांकन गर्दा बैठक बसी लिखित निर्णय गर्नु पर्नेछ ।

(९) नेतृत्व लिने क्षमता वापत अंक प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सोको पुष्ट्याँई समेत गर्नु पर्नेछ ।

(१०) शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपांग उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ ।

## अनुसूची-१३
(दफा ४९ को उपदफा (९) सँग सम्बन्धित)

शपथ ग्रहण

म ............................................. ईश्वर नाममा/ सत्य निष्ठासाथ शपथ लिन्छु कि विद्यालय शिक्षा सेवाको शिक्षकको हैसियतले मलाई ठेकिएको काम मेरो ज्ञान विवेकले जानेबुझेसम्म इमान धर्म सम्झी राष्ट्र र शिक्षण पेशाप्रति बफादार रही भय, पक्षपात र द्वेष नराखी लोभ लालच र मोलाहिजा नगरी इमान्दारीसाथ ऐन, यस नियमावली र प्रचलित कानूनको अधीनमा रही गर्नेछु र मलाई ज्ञात हुन आएको सेवासँग सम्बन्धित कुनै गोप्य कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरु कसैलाई म नोकरीमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा सङ्केत गर्ने छैन ।

शपथ ग्रहण गर्ने शिक्षकको-

सही:

नाम:

पद:

विद्यालय:

मिति:

शपथ ग्रहण गराउने अधिकारीको-

सही:

नाम:

पद:

कार्यालय:

मिति:

कार्यालयको छाप

अनुसूची-१४
(दफा ४९ को उपदफा १० सँग सम्बन्धित)

निरोगिताको प्रमाणपत्र

आधारभूत तह/माध्यमिक तहको शिक्षकको उम्मेदवार हुनुभएका श्री ............... ................ ............... लाई जाँच्दा निजमा कुनै सरुवा रोग वा अरु कुनै किसिमको शारीरिक विकृति वा आन्तरिक रोग पाइन । निजमा ........................ रोग भए पनि निजले सो पदमा रही काम गर्न सक्ने व्यहोरा प्रमाणित गर्दछु ।

निजको भनाई र प्रमाणपत्र अनुसार निजको उमेर .................. वर्षको छ ।

निजको वर्ण, हुलिया र सहीछाप निम्न बमोजिम छ :-

(१) वर्ण

(२) हुलिया

(३) सही

(४) दाँया हातको बूढी औलाको छाप

कार्यालयको छाप

चिकित्सकको-

सही:

नाम:

पद:

नेपाल मेडिकल काउन्सिलको

रजिष्ट्रेशन नम्वर:

कार्यालय:

मिति:

## अनुसूची -१५

### (दफा ६२ उपदफा (२) सँग सम्बन्धित)
### विद्यालयमा रहने शिक्षक दरवन्दी

विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन् :
(क) प्रारम्भिक बाल शिक्षा वा नर्सरी देखि पाँच कक्षा सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा तीनजना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा चार जना शिक्षक ।
(ख) आधारभूत तहको विद्यालयमा : प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक :
(१) अंग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) विज्ञान वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(३) नेपाली वा संस्कृत मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको चारजना
(६) साविकको एस.एल. सी. वा सो सरह उत्तीर्ण गरेको एक जना ।
(ग) माध्यमिक विद्यालयमा:
१. नौं कक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको पाँच जना शिक्षकः-
(१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) गणित वा विज्ञान मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धीत विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना ।
२. नौं कक्षा देखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक
(१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) गणित मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धीत विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको दुईजना
(६) विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(७) अन्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको दुईजना ।
३.प्रारम्भिक बाल शिक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को उपखण्ड (१) बमोजिमको दरबन्दी रहनेछ ।
४. प्रारम्भिक बाल शिक्षादेखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को क्रमसङ्ख्या (२) बमोजिमको दरबन्दी रहनेछ ।
द्रष्टव्यः(१) खण्ड (ख) को क्रमसङ्ख्या (१) देखि (४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।
(२) खण्ड (ग) को उपखण्ड १ को क्रमसङ्ख्या (१) देखि (४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।
(३) खण्ड (ग) को उपखण्ड २ को क्रमसङ्ख्या (१) देखि (७) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।
(४) शिक्षक नियुक्तिको लागि आवश्यक पर्ने तालिम प्रचलित कानून बमोजिम हुनेछ ।
(५) हाल विद्यालयमा उपरोक्तानुसारका विषयका योग्यताभन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदबाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएका शिक्षकवाट अध्यापन हुने ।
(६) उल्लिखित दरवन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ ।

अनुसूची-१६
(दफा ६५ को उपदफा (१) सँग सम्बन्धित)
**सरुवा हुन दिइने निवेदन**

श्री शिक्षा अधिकृत
साकेला गाउँपालिका, मानेभञ्ज्याङ्ग, खोटाङ्ग ।

विषय: सरुवा सम्बन्धमा ।

मलाई निम्न विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम, थर: स्थायी ठेगाना: तह र श्रेणी:
हालको विद्यालयको नाम र ठेगाना:
सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगाना:
योग्यता र तालीम: स्थायी नियुक्ति मिति:
हालको जिल्लामा काम गरेको अवधि: सरुवा माग गर्नु पर्ने कारण:
निवेदकको-
सही:
नाम:
कार्यरत विद्यालय:
मिति:

**(१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमति**

(क) यस विद्यालयकां............तह................श्रेणीका.......................बिषयका शिक्षक श्री ................................ लाई व्यवस्थापन समितिको मिति ............... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।
विद्यालयको छाप व्यवस्थापन समितिको अध्यक्षको-
सही :
नाम :
विद्यालय :
मिति :

(ख) साकेला गाउँपालिका.... नं. वडा अन्तर्गतको.....................विद्यालयकां.........तह.........श्रेणीका............बिषयका शिक्षक श्री....................लाई गाउँ शिक्षा समितिको मिति .........निर्णयानुसार सो विद्यालयबाट सरुवा भई जान सहमति दिईएको छ ।
कार्यालयको छाप (शिक्षा अधिकृतले भर्ने)
सही :
नाम :
मिति :

**(२ ) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति**

(क) .............................. विद्यालयका ..........तह................श्रेणीका ..............बिषयका शिक्षक श्री .................................. लाई विद्यालय व्यवस्थापन समितिको मिति ...................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।
विद्यालयको छाप (व्यवस्थापन समितिको अध्यक्षको)
सही :
नाम :
मिति :
विद्यालय :

(ख) साकेला गाउँपालिका.... नं. वडा अन्तर्गतको.....................विद्यालयकां.........तह.........श्रेणीका............बिषयका शिक्षक श्री....................लाई गाउँ शिक्षा समितिको मिति .........निर्णयानुसार सो विद्यालयबाट सरुवा भई जान सहमति दिईएको छ ।
कार्यालयको छाप (शिक्षा अधिकृतले भर्ने)
सही :
नाम :
मिति :

अनुसूची-१७
(दफा ६५ को उपदफा (११) सँग सम्बन्धित)
रमाना - पत्र

पत्रसङ्ख्याः मिति :

श्री .....................
............................. ।

त्यस विद्यालयमा सरुवा हुनु भएका श्री ..........................................लाई निजको विवरण सहितको रमाना-पत्र दिई त्यस विद्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. शिक्षक वा कर्मचारीको नाम, थर :
२. सङ्केत नम्बर :
३. साविक :
(क) तह : (ख) श्रेणी : (ग) पद : (घ) शिक्षक भए विषय :
(ङ) विद्यालय :
४. सरुवा भएको (क) निर्णय मिति : (ख) सरुवा गर्ने कार्यालय : (ग) तह :
(घ) श्रेणी : (ङ) पद : (च) विषय (छ) विद्यालय :
५. बरबुझारथ सम्वन्धी विवरणः (क) गरेको (ख) नगरेको
६. रमाना हुने मिति : .....................
७. रमाना-पत्रको मितिसम्म खर्च भएका बिदा :
(क) भैपरी आउने र पर्व बिदा ........ दिन । (ख) बिरामी बिदा ........ दिन । (ग) प्रसुती बिदा बिदा ............ दिन
(घ) प्रसुती स्याहार बिदा ...... पटक । (ङ) अध्ययन बिदा ....... दिन । (च) असाधाराण बिदा .... दिन ।
(छ) वेतलवी बिदा .................. दिन ।
८. रमानापत्रको मितिसम्म सञ्चित बिरामी बिदा : ................. दिन ।
९. विद्यालयमा रुजु हाजिर भएको दिन :
१०. खाइपाई आएको मासिक (क) तलब : (ख) वृद्धि रु तलब :
११. तलब भुक्तानी लिएको अन्तिम मिति :
१२. कर्मचारी सञ्चयकोष कट्टी रकम :
१३ भुक्तानी लिएको उपचार खर्चको रकम : मिति :
१४. तलववृद्धि हुन सुरु भएको सुरु मिति :
१५. नागरिक लगानी कोषकट्टी रकम :
१६. आयकर कट्टी रकम :
१७. (क) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल..................महिना...............गते....
(ख) सावधिक जीवन बीमावापत वार्षिक प्रिमियम तिरेको साल..................महिना...............गते....
१८. चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिना :
१९. शिशुस्याहार भत्ता लिएको विवरण :

बोधार्थ :
श्री विद्यालय शिक्षक किताबखाना ।
श्री कर्मचारी संचयकोष ।
श्री .......... विद्यालय ।
श्री .....................(सम्बन्धित शिक्षक वा कर्मचारी) सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन ।